समाजमा एकरूपता ल्याउनका लागि समावेशी अभ्यास अपरिहार्य... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १४९ • २०८१ साल कार्त्तिक ५ गते सोमबार (21 October, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# लामिछानेलाई ६ दिन थुनामा राख्न आदेश

## रास्वपाका कार्यकर्ता र सहकारी पीडितहरु दिनभरि सडकमा, प्रदर्शनमा पानीको फोहोरा

**टुडे समाचारदाता**

पोखरा । सहकारी ठगी अभियोगमा पक्राउ परेका पूर्वउपप्रधान तथा गृहमन्त्री समेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेलाई अदालतले थुनामा राख्न ६ दिन म्याद थप गरेको छ । पोखराको सूर्यदर्शन सहकारी रकम अपचलन प्रकरणमा अनुसन्धान गर्न कास्की जिल्ला अदालतले लामिछानेलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई आइतबार अनुमति दिएको छ ।

न्यायाधीश नवराज दाहालको इजलासले लामिछानेलाई हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले लामिछानेलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको बताए ।

लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त र नारायण घिमिरेले बहस गरेका थिए । सहकारी ठगी प्रकरणमा अनुसन्धान गर्न कास्की जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले लामिछानेलाई शुक्रबार काठमाण्डुको वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ गरेको थियो । उनलाई सोही दिन बेलुकी पोखरा ल्याइएको थियो । शनिबार सार्वजनिक बिदा परेकाले उनलाई आइतबार अदालतमा पेश गरिएको थियो ।



लामिछानेलाई जिल्ला अदालत लग्ने क्रममा रास्वपाका नेता, कार्यकर्ताहरुले सडकमा प्रदर्शन गरेका थिए । जिल्ला प्रहरी कार्यालयदेखि अदालत सम्मको मार्गमा सुरक्षा व्यवस्थालाई अत्यन्त कडा बनाइएको थियो । जिल्ला प्रशासन कार्यालय कास्कीले घोषणा गरेको निषेधित क्षेत्रमा रास्वपाका कार्यकर्ताहरु प्रवेश गरेपछि प्रहरीसित धकेलाधकेल भएको थियो । स्थितिलाई नियन्त्रणमा लिन प्रदर्शनकारीमाथि प्रहरीले पानीको फोहोरा र अश्रुग्यास प्रहार गरेको थियो ।

लामिछानेलाई अदालतमा पुऱ्याएपछि बाहिर रास्वपाका कार्यकर्ताहरूले सरकारविरुद्ध चर्को नाराबाजी गरेका थिए । उनीहरुले नेपाली र नेकपा एमालेका नेताहरुलेपनि सहकारीको अर्बौं रुपैया ठगी गरेकाले कारवाही हुनुपर्ने माग गरेका छन् ।

रास्वपाका नेता, कार्यकर्ताहरुले लामिछानेको पक्षमा प्रदर्शन गरिरहेको बेला सहकारी पीडितहरुले राष्ट्र बैंक चोकमा प्रदर्शन गरेका थिए । पीडित र पीडक आमनेसामने भए पनि प्रहरीले मुठभेडको स्थिति सृजना हुन दिएन । सूर्यदर्शन सहकारीबाट करोडौं रकम गैरकानुनी रुपमा गोरखा मिडिया प्रा.लि.मा लगिएको थियो । सहकारीका सञ्चालकहरुले करोडौ रुपैयाँ अपचलन गरेपछि हजारौं निक्षेपकर्ताहरु ठगीमा परेका हुन् ।

लामिछानेलाई संसदीय छानबिन समितिले दोषी ठहर गरी कारबाहीका लागि सरकारलाई सिफारिस गरेपछि प्रहरीले अनुसन्धान थालेको छ ।

## जनमत आन्दोलनको तयारीमा

टुडे समाचारदाता

जनकपुरधाम ।राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले देशभरि आन्दोलन गर्ने घोषणा गरेकै दिन जनमत पार्टीले आन्दोलनका लागि तयार रहन पार्टीका नेताहरूलाई निर्देशन दिएको छ ।

जनमत पार्टी कार्यालयमा आइतबार बसेको सचिवालयको बैठकले नेता, कार्यकर्ताहरुलाई आन्दोलनका लागि तयार रहन निर्देशन दिएको पार्टी प्रवक्ता डा.शरदसिंह यादवले जनाएका छन् ।

रास्वपाका अध्यक्ष रवि लामिछाने पक्राउ पक्राउको जनमतका अध्यक्ष डा.सीके राउतले आलोचना गरेका छन् । 'देशको अवस्था हेर्दा आन्दोलन गर्नुपर्ने स्थिति देखिएकाले पार्टीका नेता तथा कार्यकर्तालाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ' उनले भने, 'देशको विषम राजनीतिक प्रस्थितिलाई ध्यानमा राखी पार्टीको सबै तहका संगठनलाई आन्दोलनका लागि तयार रहन निर्देशन गरिएको छ ।'

पार्टीले आन्दोलनका लागि तयार रहन नेता, कार्यकर्ताहरुलाई दिएको निर्देशनको सम्बन्ध रवि लामिछानेको मुद्दासित कुनै तारतम्य नरहेको प्रवक्ता यादवले प्रष्ट्याए ।

अत्यन्त जरूरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग – ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!


पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



# राजस्व सङ्कलनको लक्ष्य पूरा गर्नेतर्फ उन्मुख वीरगञ्ज भन्सार




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालय राजस्व सङ्कलनको लक्ष्य हासिल गर्नेतर्फ दत्तचित्त भएर लागेको छ । उक्त कार्यालयले चालु आर्थिक वर्षको तीन महिनामा रु ३८ अर्ब ८८ करोड २७ लाख ५० हजार राजस्व सङ्कलन गरेको छ ।


प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पछिल्ला तीन महिनामा राजस्व सङ्कलनमा केही वृद्धि भए पनि लक्ष्य हासिल गर्न नसकिएको बताउनुभयो ।

"साउनयता मासिक लक्ष्यअनुसार राजस्व सङ्कलनमा केही वृद्धि भइरहेको छ", उहाँले भन्नुभयो । गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने करिब रु तीन करोड बढी राजस्व सङ्कलन भएको छ ।

भन्सार कार्यालयले गत आव २०८०/८१ को तीन महिनाको अवधिमा भने रु ३८ अर्ब ८५ करोड ५० लाख ९३ हजार राजस्व सङ्कलन गरेको थियो । कार्यालयले चालु आवको साउनमा मासिक लक्ष्यको ७२ प्रतिशत अर्थात् रु १२ अर्ब १६ करोड ३२ लाख राजस्व सङ्कलन गर्‍यो । दोस्रो महिना भदौमा भने मासिक लक्ष्यको ७१ प्रतिशत अर्थात् रु १३ अर्ब २३ करोड ९८ लाख राजस्व सङ्कलन गरेको छ । चालु आवको तेस्रो महिना असोजमा मासिक लक्ष्यको ७७ प्रतिशत अर्थात् रु १३ अर्ब ४७ करोड ९६ लाख राजस्व सङ्कलन गरेको छ ।

भन्सार कार्यालयले गत आवको साउनमा भने मासिक लक्ष्यको ७५ दशमलव ९६ प्रतिशत अर्थात् रु ११ अर्ब ८६ करोड ८४ लाख राजस्व सङ्कलन गरेको थियो । गत आवको दोस्रो महिनामा मासिक लक्ष्यको ६५ दशमलव ५९ प्रतिशत अर्थात् रु १२ अर्ब ७१ करोड २२ लाख राजस्व उठाएको थियो । यसै गरी, गत आवको तेस्रो महिना असोजमा भने मासिक लक्ष्यको ६५ दशमलव ३५ प्रतिशत अर्थात् रु १४ अर्ब २७ करोड ४४ लाख राजस्व सङ्कलन गरेको थियो ।रासस

# हरिपुर्वा सबस्टेसन 'चार्ज'



टुडे समाचारदाता

मलंगवा । सर्लाहीको हरिपुर्वास्थित विद्युत सबस्टेसन चार्ज गर्न मिल्ने अवस्थामा पुगेको छ ।

दशैंअघि नै चार्ज गरेर सञ्चालनमा ल्याउने भनिएको सबस्टेसन ठेकेदारको भुक्तानीमा ढिलाई हुँदा काम रोकिन पुगेको थियो । नेपाल विद्युत प्राधिकरणको प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख मुनिन्द्र ठाकुरले ठेकेदारले पाउनुपर्ने रकम भुक्तानी भइसकेकाले अब तिहार र छठलगत्तै सबस्टेसन चार्ज गरेर सञ्चालनमा ल्याइने जानकारी दिए ।

उनका अनुसार सबस्टेसन तयार अवस्थामा छ । ढल्केबरदेखि ल्याइएको ३३ केभी लाइन बाँके जंगलबाट जोडेर हरिपुर्वास्थित सबस्टेसनसम्म पु-याउन बिजुलीको पोल गाड्ने (पोलिङ) को कामसमेत पूरा भइसकेको प्राधिकरणको प्रादेशिक कार्यालयका प्रमुख ठाकुरले बताए ।

हरिपुर्वाको सबस्टेसन सञ्चालनकै लागि धनुषाको ढल्केबरदेखि ल्याइएको ३३ केभी लाइन अन्तर्गत दसैंकै मुखमा बाँके जंगलदेखि महोत्तरीको खयरमारासम्मको करिब सात किलोमिटर जंगल क्षेत्रमा रुखका हाँगाबिँगा काटेर सफा पारिएको छ । अब विद्युत फल्ट पत्ता लाउन केही ठाउँमा डिभाइस जडानको कामबाहेक अरू कुनै काम बाँकी नरहेको प्राधिकरणको प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ ।

दुई वर्षअघि नै सबस्टेसन तयार भए पनि हरिपूर्वा र इश्वरपुरको केही ठाउँमा पोल गाड्ने विषयमा विवाद उत्पन्न भएपछि सबस्टेसन नै अलपत्र परेको थियो । प्राधिकरणको प्रदेश तथा जिल्लाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, पालिकाका प्रमुखलगायत बसेर समस्याको समाधान गरेसँगै पोल गाड्ने सम्पूर्ण काम सकेर तारसमेत टाँगिसकेकाले छठ लगत्तै हरिपुर्वाको सबस्टेसन चालु हुने भएको छ ।

हरिपुर्वाको सबस्टेसनमा १६ हजार केभिएको ट्रान्सफर्मर जडान गरिएको छ । यो सबस्टेसन सञ्चालन हुनासाथ सर्लाहीको दक्षिण-पूर्वी भेगका स्थानीयले झेल्दै आएको छिनछिनमै बत्ती कटौती हुने, भोल्टेज नआउने जस्ता समस्या समाधान हुने प्रादेशिक कार्यालय जनकपुरका प्रमुख ठाकुरले बताए ।

हरिपुर्वाको सो सबस्टेसनबाट सदरमुकाम मलङ्गवादेखि पूर्वी भेगमा पर्ने हरिपूर्वा, पर्सा, ब्रह्मपुरी, ईश्वरपुरलगायत पालिकामा विद्युत् प्रवाह गर्ने प्राधिकरणको तयारी छ । यी भेगमा अहिले सदरमुकाम मलङ्गवाबाट बत्ती तान्नुपर्दा ओभरलोडका कारण धेरै नै समस्या भइरहेको छ ।

यसअघि मलंगवादेखि पश्चिमतर्फको भेगमा यस्तै समस्या रहेकोमा गडहिया डुमरियामा हरिपूर्वाकै जस्तो १६ हजार केभिए क्षमताको सबस्टेसन निर्माण भई सञ्चालनमा आएसँगै पश्चिमी बेल्टको समस्या समाधान भइसकेको छ । मलंगवास्थित सबस्टेसनमा अहिले नवलपुरस्थित ग्रिड सबस्टेसनबाट बत्ती जडान गरिएको छ ।

# प्रधानमन्त्रीसँग चिनियाँ नेताको भेट



काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिष्ट पार्टीका केन्द्रीय कमिटीका सदस्य एवं सिङहाइ प्रान्तका सेक्रेटरी छेन् गाङ नेतृत्वको प्रतिनिधिमण्डलले आइतबार शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा दुई देश र दुई पार्टीबीचको आपसी सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको छ । प्रधानमन्त्री ओलीले चिनियाँ कम्युनिष्ट पार्टी र महासचिव सी जिनपिङको नेतृत्वमा चीनमा गरिबीको अन्त्यसहित भएको चौतर्फी विकास असाधारण रहेको उल्लेख गर्दै नेपाल त्यस विकासबाट लाभ लिन चाहने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले राजनीतिक स्थिरताका लागि दुई ठूला दल एमाले र नेपाली कांग्रेसबीचको सहकार्यमा नयाँ सरकार गठन भएको जनाउँदै नेपालको आर्थिक विकासमा चीनको निरन्तर सहयोगको अपेक्षा गर्नुभयो । प्रधानमन्त्री ओलीले दुई मुलुकबीच सरकार-सरकार, जनता-जनताका साथै व्यापारिक, पौराणिक र सांस्कृतिक सम्बन्ध रहेकाले उच्चस्तरीय भ्रमणको आदानप्रदानको क्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहँदै चीनविरुद्धका कुनै पनि गतिविधिका लागि नेपाली भूमि प्रयोग गर्न नदिनेमा नेपाल सदैव स्पष्ट रहेको स्मरण गराउनुभयो ।

चिनियाँ नेता छेन्ले आफू महासचिव जिनपिङको निर्देशनमा नेपालको भ्रमणमा आएको अवगत गराउँदै नेपालको सुख र समृद्धिमा चीनको सधैं साथ रहने स्पष्ट गर्नुभयो । उहाँले नेपालका राजनीतिक दलले गरेका निर्णयमा आफूहरुको सम्मान रहने र भ्रमणका क्रममा आएका विषयवस्तु महासचिव सीलाई जानकारी गराउने बताउनुभयो ।

भेटका अवसरमा प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, एमालेका सचिव एवं परराष्ट्र मामिला विभागका प्रमुख रघुवीर महासेठ, विभागका सचिव एवं राष्ट्रियसभा सदस्य डा अञ्जान शाक्य, विभागका सदस्य गोपाल खनाल, परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकाल र नेपालका लागि चिनियाँ राजदूत छेन सोङलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# वैदेशिक रोजगार बोर्डको सफ्टवेयरमा देखिएको समस्या समाधान

काठमाण्डु । वैदेशिक रोजगार बोर्डको सफ्टवेयरमा देखिएको समस्या समाधान भइ सेवाप्रवाह सञ्चालन भएको छ । गत शुक्रबारदेखि सफ्टवेयरमा समस्या आएको र आइतबार समस्या समाधान भइ सेवा प्रवाह सुरु भएको बोर्डका प्रवक्ता टीकाराम ढकालले जानकारी दिनुभयो ।

सफ्टवेयरमा समस्या आएपछि वैदेशिक रोजगारीमा गएर मृत्यु भएका तथा अङ्गभङ्ग भएका कामदार र उनीहरुका परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरणलगायतको काम रोकिएको थियो ।

प्रवक्ता ढकालले भन्नुभयो, "वैदेशिक रोजगारीमा रहेका श्रमिकका सन्तानलाई प्रदान गर्ने सफ्टवेयरमा केही दिनदेखि समस्या आएको थियो । आइतबार समस्या समाधानपछि सेवा सुरु भइसकेको छ ।"सफ्टवेयरमा समस्या देखिएर सेवा प्रभावित भएपनि इमेल तथा भौतिक रुपमा उपस्थित भइ दिएको निवेदन भने सङ्कलन निरन्तर रुपमा भइरहेको उहाँलेब ताउनुभयो ।रासस

## अन्तर्राष्ट्रिय गृह श्रमिक दिवसः

# श्रमको सम्मान गर्न माग

काठमाण्डु । आइतबार अक्टोबर २० अर्थात् अन्तर्राष्ट्रिय गृह श्रमिक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । 'गृह श्रमिकको माग-गृह अभिसन्धि १७७ को अनुमोदन, श्रम अधिकार, सामाजिक सुरक्षा र मर्यादित काम' भन्ने मागमा साथ नेपालमा पनि आइतबार गृह श्रमिक दिवस मनाइँदैछ ।




गृह श्रमिक सरोकार समाज नेपालले आइतबार भृकुटीमण्डबाट र्‍याली निकालेर न्युरोड, वसन्तपुर हुँदै पुनः भृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो ।

समाजका अध्यक्ष प्रभा पोखरलले श्रम ऐन, २०७४ का प्रावधानमा गृह श्रमिकको स्पष्ट व्यवस्था गर्नुपर्ने, गृह श्रमसम्बन्धी आइएलओ अभिसन्धि १७७ पारित गरी त्यसमा भएका प्रावधानलाई श्रमकानुनका रुपमा व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

गृह श्रमिकहरुको घरमै बसेर गरिने गृह श्रमलाई राष्ट्रिय जनगणनामा अनिवार्य समावेश गर्ने व्यवस्था मिलाइनुपर्ने, कसैले गृह श्रमिकलाई काम दिँदा कार्य शर्त र सम्झौताका कागज अनिवार्य गर्ने व्यवस्था गरिनुपर्ने, सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्ने, दैनिक आठ घण्टा र विभिन्न बिदाहरु (राष्ट्रिय बिदा, वार्षिक बिदा, बिरामी बिदा, पर्व बिदा आदि) गृह श्रमिकले पनि उपयोग गर्न पाउने व्यवस्था गरिनुपर्नेलगायत माग समाज गरेको छ ।रासस

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुरधाम जाने क्रममा मिति २०८१।७।२ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ ।

**नाम : काजल कुमारी**
**सिम्बोल नं.: २१७०४३०४**
**रजिष्ट्रेशन नं.:७७१७३७०२९**
**ठेगानाः तुलसीयाही निकास-४, धनुषा**
**मो.नं.९८१५८२८१५६**

# देशका अधिकांश भागमा मौसम सफा रहने

काठमाण्डु । हाल देशभर पश्चिमी वायुको प्रभाव रहनुका साथै स्थानीय वायुको पनि केही प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभागले कोशी, मधेश, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम सफा रहने जनाएको छ ।

कोशी, मधेश, बागमती र कर्णाली, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

आइतबार दिउँसो कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत बाँकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा आंशिक बदलीदेखि मुख्यतया मौसम सफा रहने छ । कोशी, मधेश, बागमती प्रदेशलगायत बाँकी प्रदेशका पहाडी भागका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।रासस

## अन्तर्राष्ट्रिय गृह श्रमिक दिवसः

# श्रमको सम्मान गर्न माग

काठमाण्डु । आइतबार अक्टोबर २० अर्थात् अन्तर्राष्ट्रिय गृह श्रमिक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । 'गृह श्रमिकको माग-गृह अभिसन्धि १७७ को अनुमोदन, श्रम अधिकार, सामाजिक सुरक्षा र मर्यादित काम' भन्ने मागमा साथ नेपालमा पनि आइतबार गृह श्रमिक दिवस मनाइँदैछ । गृह श्रमिक सरोकार समाज नेपालले




आइतबार भृकुटीमण्डबाट र्‍याली निकालेर न्युरोड, वसन्तपुर हुँदै पुनःभृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो । समाजका अध्यक्ष प्रभा पोखरलले श्रम ऐन, २०७४ का प्रावधानमा गृह श्रमिकको स्पष्ट व्यवस्था गर्नुपर्ने, गृह श्रमसम्बन्धी आइएलओ अभिसन्धि १७७ पारित गरी त्यसमा भएका प्रावधानलाई श्रमकानुनका रुपमा व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जानकी मन्दिरमा आउने श्रद्धालु भक्तजनहरुलाई शुद्ध पेय जल पिउनका लागि निमार्ण गरिएको भवनमा विना कारणवस महिनौ देखि ताला झुण्डी रहदा मन्दिर प्रशासनको नजर पुग्न सकेको छैन ।
*तस्विर : संजय कुमार यादव*

# पर्यटन कृषि तथा व्यापारिक महोत्सवको तयारीमा युवा

राजविराज । सांस्कृतिक पर्यटन, कृषि तथा व्यापारिक महोत्सवअन्तर्गत 'राजविराज महोत्सव' को तयारीमा यहाँका युवा जुटेका छन् । राजविराज नगरपालिकाको सहकार्य र सप्तरी युथ क्लबको विशेष सहयोगमा यही कात्तिक ९ गतेदेखि २६ गतेसम्म मेला सञ्चालन हुनेछ ।

ड्रिम नेपाल युवा सङ्घको आयोजनामा राजविराजस्थित राजरङ्गशाला (खेलमैदान) मा हुने राजविराज महोत्सवको तयारी तीव्र गतिमा भइरहेको सङ्घका अध्यक्ष कमलकिशोर साहले जानकारी दिनुभयो । "यहाँका युवाको सक्रियतामा जिल्लाको पहिचानसँगै सांस्कृतिक पर्यटन र कृषि क्षेत्रको विकास गर्ने उद्देश्यले मेलाको आयोजना गर्न लागेका छौँ", उहाँले भन्नुभयो, "मेलाको तयारी भइरहेकाले स्थानीय तथा सरोकार भएका सबैको साथ र सहयोग आवश्यक पर्दछ ।"

तिहारमा विभिन्न ठाउँबाट आफ्नो गाउँघर आएका युवा, विद्यार्थी र नगरवासी सहयोगमा सप्तरीको पहिचानलाई उजागर गर्ने उद्देश्यले राजविराज महोत्सव सांस्कृतिक मेलाको आयोजना गर्न लागिएको सङ्घका अध्यक्ष




साहले बताउनुभयो ।मेलाका लागि अहिले राजरङ्गशालामा बाँसबाट घेराबेरा गर्ने, सरसफाइ तथा स्टल निर्माणलगायत काम भइरहेको युवा मुस्तकिम आलमले बताउनुभयो । मेलामा ६० स्टल राखिने आयोजकले जनाएको छ ।

स्थानीय कला, संस्कृति, परम्परा तथा युवाको सक्रियतालाई प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको आलमले बताउनुभयो। युवाको सहभागितालाई प्रोत्साहन गर्ने, समाजमा सकारात्मक परिवर्तन ल्याउने गरी युवा पुस्तालाई सक्रिय नाइएको आयोजकको भनाइ छ । यसैबीच, यही कात्तिक ९ गतेदेखि राजविराजमा हुने 'राजविराज महोत्सव-२०८१' मा विभिन्न सङ्घसङ्गठनले समर्थन जनाएका छन् । संयुक्त विज्ञप्ति जारी गर्दै महोत्सव सफल पार्न सरोकार भएकालाई आग्रहसमेत गरिएको छ ।

राष्ट्रिय युवा सङ्घ नेपालका जिल्ला इन्चार्ज चितरञ्जन यादव, अनेरास्ववियु अध्यक्ष रञ्जीवकुमार साह, नेपाल तरूण दल सप्तरीका अध्यक्ष अर्जुन यादव, नेपाल विद्यार्थी सङ्घ सप्तरीका अध्यक्ष राकेश ठाकुर र अखिल क्रान्तिकारी सप्तरीका अध्यक्ष कौशल साह, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियन सचिव सुनिल मण्डल र विद्यार्थी जनमत सङ्घका अध्यक्ष रामभजन मण्डलले संयुक्त प्रेस विज्ञप्ति जारी गरी महोत्वस सफल बनाउन सहयोगका लागि आह्वान गर्नुभएको छ ।रासस

# पोखरामा प्रदर्शनकारीले निषेधाज्ञा तोड्न खोज्दा तनाव




पोखरा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ताले निषेधाज्ञा तोडेर विरोध प्रदर्शन गर्न थालेपछि पोखराको सहिदचोकमा तनावको अवस्था सिर्जना भएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले पोखरा शहिदचोक र ग्रैहापाटन आसपासका क्षेत्रमा आइतबार बिहानदेखि निषेधाज्ञा जारी गरेको थियो । सहकारीको रकम अपचलनको आरोपमा पक्राउ पर्नुभएका रास्वपाका सभापति लामिछानेलाई अदालत उपस्थित गराउने क्रममा कार्यकर्ताले निषेधित क्षेत्र तोडेर प्रर्दशन गर्न थालेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रहार गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले सहिदचोकको पूर्वपट्टि वाईचोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङ्चोक र ग्रैहापाटनको पालिखेचोकदेखि नविन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभा आदि विरोधका कार्यक्रम गर्न निषेध गरेको थियो। अर्को आदेश जारी नभएसम्म निषेधज्ञा जारी रहने प्रमुख जिल्ला अधिकारी भरतमणि पौडेलद्वारा जारी आदेशमा उल्लेख छ ।

सहकारीको बचत रकम अपचलनको मुद्दामा पक्राउ पर्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो । पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा सभापति लामिछानेलाई काठमाडौँबाट पक्राउ गरी शनिबार बिहान पोखरा ल्याइएको थियो। उहाँलाई आज कास्की जिल्ला अदालतमा उपस्थित गराइएको छ।

पोखराको सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबावु (जिवी राई) सँग मिलेर सभापति लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको विषयमा उहाँविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ।

पोखराका केही क्षेत्रमा निषेधाज्ञा जारी

जिल्ला प्रशासन कार्यालय कास्कीले पोखरा महानगरपालिकाको शहिदचोक र ग्रैहापाटन आसपासका क्षेत्रमा निषेधाज्ञा जारी रहेको जनाएको छ । सहकारीको बचत रकम अपचलनको मुद्दामा पक्राउ पर्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो ।

प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेद्वारा आज जारी निषेधाज्ञासम्बन्धी सूचनामा सहिदचोकको पूर्वपट्टि वाइचोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङचोकस र ग्रैहापाटनको पालिखेचोकबाट नविन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभालगायत विरोधका कार्यक्रम गर्न निषेध गरिएको छ।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा सभापति लामिछानेलाई काठमाडौँबाट पक्राउ गरी शनिबार बिहान पोखरा ल्याइएको थियो । उहाँलाई आजै अदालत सामु उपस्थित गराउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। रासस

# रारामा कोप-२९ को पूर्वतयारीसम्बन्धी कार्यशाला सम्पन्न

काठमाण्डु । मुगुको रारा ताल क्षेत्रमा जलवायुसम्बन्धी अन्तर र्राष्ट्रिय सम्मेलन (कोप-२९) को पूर्वतयारी र जलवायु परिवर्तनले कर्णालीमा पारेको असरका सम्बन्धमा दुईदिने कार्यशाला सम्पन्न भएको छ ।वन तथा वातावरण मन्त्रालय र जलवायु परिवर्तनका क्षेत्रमा काम गर्दै आएको संस्था 'साथसाथै'को संयुक्त आयोजनामा भएको कार्यशाला पाँचबुँदे घोषणापत्र जारी गर्दै आइतबार सम्पन्न भएको हो ।

कार्यक्रममा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले नेपालले केही गल्ती नै नगरी अन्याय भोग्नु



परेकाले क्षतिपूर्तिका लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा आवाज उठाउने बताउनुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलनमा जलवायु कोषको रकम क्षतिपूर्तिस्वरुप पाउनका लागि आवश्यक गृहकार्य भइरहेको जानकारी दिनुभयो ।मन्त्री शाहीले जलवायु न्यायका क्षेत्रमा कम बजेट विनियोजन गरिएकाले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा यस विषयमा ध्यान दिइने बताउनुभयो । जलवायु परिवर्तनको असरले कर्णालीका जनतालाई परेको असरसहित कर्णालीको अवाजलाई यसपटक कोप-२९ मा पुर्याउने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

'साथसाथै'का अध्यक्ष प्रजिता कार्कीले राराको सुन्दरता, छायाँनाथ हिमाललगायतको हिमालको आकर्षण जलवायु परिवर्तनले घट्दै गएकोप्रति चिन्ता व्यक्त गर्नुभयो । कर्णालीमा जनजीवन, जलवायु परिवर्तनले पारेको असर बुझ्न र कर्णालीका आवाज विश्वमाझ पुऱ्याउनका लागि पहल गर्न आएको उहाँले बताउनुभयो ।

पूर्वपरराष्ट्रमन्त्री डा विमला राई पौडेल, जलवायु विज्ञ डा मञ्जित ढकाल मन्त्रलालयका सल्लाहकार डा माधव कार्की, वन तथा वातावरण मन्त्रालयका उपसचिव दीपा वली, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव नरेश सुवदी, नेपाल पर्यटन बोर्डका निर्देशक श्रद्धा श्रेष्ठ, यौनिक अल्पसङ्ख्यक अभियन्ता भूमिका श्रेष्ठ, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, हेलम्बु गाउँपालिकाका प्रमुख निमा ग्याल्जेन शेर्पा, खुम्बु पासाङ्ग गाउँपालिका उपप्रमुख टासी लामालगायतले जलवायु परिवर्तनसम्बन्धी विभिन्न प्रस्तुति राख्नुभएको थियो ।

सो अवसरमा स्थानीय तथा जलवायु परिवर्तनको असर भोगेका विभिन्न पालिकाका जनप्रतिनिधि, संरक्षणविद्सँग समूहगत छलफल गरिएको आयोजक संस्था साथसाथैले जनाएको छ ।कार्यशालाले जलवायु परिवर्तनका कारण समग्र नेपाल उच्च जोखिममा रहेको र त्यसमा पनि कर्णाली प्रदेश अझ बढी जोखिममा रहेको निष्कर्ष निकालेको छ ।

के छ पाँच बुँदे घोषणा पत्रमा ?


घोषणपत्रमा कर्णाली प्रदेशमा जलवायु परिवर्तनका जोखिमसँग जुध्ने क्षमता अत्यन्त कम रहेको उल्लेख गरिएको छ । साथै तीनै तहका सरकारले कार्यान्वयन गर्ने विकास निमार्णका कार्यक्रममा जलवायु परिर्वतनसम्बन्धी जोखिम व्यवस्थापन र जलवायुमैत्री क्रियाकलाप कार्यान्वयन गर्न विशेष प्राथमिकता साथ उठान गर्नुपर्नेमा जोड दिइएको छ ।

त्यस्तै जलवायु परिर्वनका कारण महिला, बालबालिका, युवा सिमान्तकृत समुदायलगायतमा परेको प्रभाव, जोखिमता र जलवायु न्यायसम्बन्धी विषयलाई अन्तर र्राष्ट्रिय मञ्चहरुमा विशेष प्राथमिकता साथ उठान गर्नुपर्ने घोषणपत्रमा उल्लेख छ ।घोषणपत्रमा नेपालमा जलवायु परिर्वतनले पारेको प्रभावसँग जुध्न साथै जलवायुमैत्री विकासका अवसर प्राप्त गर्न अन्तर र्राष्ट्रिय समुदायको सहकार्यलाई विशेष जोड दिनुपर्ने उल्लेख छ ।

"जलवायु परिर्वतनले स्थानीय जनजीविकामा पारेको असर र प्राकृतिक विपद्को वैज्ञानिक लेखाजोखा गर्दै जोखिम व्यवस्थापन र असर कम गर्दै तीन वटै तहका सरकारको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ", घोषणा पत्रमा उल्लेख छ, "आसन्न कोप-२९ सम्मेलनमा नेपालमा जलवायु परिर्वतनले पारेका असर र प्राप्त हुनसक्ने अवसरका साथै जलवायुमैत्री कार्यक्रम कार्यान्वयन गर्न जलवायु वित्तको आवश्यकताबारे विशेष पहल गर्नुपर्छ ।"रासस

# पर्यटन व्यवसायी वसन्तराज मिश्रको निधनप्रति गहिरो दुःख व्यक्त

काठमाण्डु । पर्यटन व्यवसायी वसन्तराज मिश्रको निधनप्रति विभिन्न सङ्घ संस्थाले शोक वक्तव्य निकालेर गहिरो दुःख व्यक्त गरेका छन् । नेपाल उद्योग परिसङ्घ र प्यासिफिक एसिया ट्राभल एशोसिएश्न (पाटा ) नेपाल च्याप्टरलगायत निधनले नेपालको पर्यटन उद्योगले एक कर्मठ, निष्ठावान तथा अभिभावक गुमाएको जनाएका छन् । नेपालको पर्यटन उद्योगका विषयमा सबै चिन्ता र चासो राख्ने मिश्रले विदेशी पर्यटक नेपाल भित्र्याउन खेल्नुभएको भूमिका महत्वपूर्ण



संस्थाले स्वर्गीय मिश्रप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना अर्पण गरेका हुन् ।

साथै उहाँको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै परिवारजनमा समवेदना प्रकट गरिएको छ ।चार दशकभन्दा बढी समयदेखि नेपालको पर्यटन उद्योगमा सक्रिय मिश्रको छ । टेम्पल टाइगर ग्रुप एण्ड कम्पनीका संस्थापक मिश्र सन् २०१३ देखि सन् २०१६ सम्म परिसङ्घको उपाध्यक्ष हुनुभएको थियो । यस्तै पाटा नेपालको आजीवन सदस्य तथा पाटा नेपाल च्याप्टरका पूर्वअध्यक्ष मिश्रको निधनमा संस्थाले शोक वक्तव्य जारी गर्दै मिश्रको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ ।रासस

## आन्तरिक सजावट एवं संरचना निर्माण सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आहवानको सूचना

**सूचना प्रकाशित मिति : २०८१/०७/०५**

यस वित्तीय संस्थाको देहाय बमोजिमको स्थानमा शाखा कार्यालयहरु निर्माण गर्नुपर्ने भएकोले आन्तरिक सजावट एवं संरचना निर्माण कार्य गर्नका लागि बैंक तथा वित्तीय संसथाको शाखाहरु निर्माण कार्यको अनुभव प्राप्त इच्छुक रजिस्टर्ड फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आहवान गरिन्छ ।

| क्र. सं. | नयाँ शाखा कार्यालय स्थापना गरिने स्थानहरु | प्रदेश /जिल्ला |
|---|---|---|
| १ | गोडैता, गोडैता न.पा. वडा नं. ८ | मधेश प्रदेश, सर्लाही |
| २ | कौडेना, कौडेना गा.पा. वडा नं. ३ | मधेश प्रदेश, सर्लाही |

आन्तरिक संरचनाको विवरण तथा अन्य शर्त बन्देजहरु लगायतका विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस वित्तीय संस्थाको सामान्य सेवा विभागमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

मल्टीपर्पस फाइनान्स लिमिटेड
Multipurpose Finance Limited
भरपर्दो वित्तीय सेवा

Corporate Office, Janakpurdham
PH: 041-591170
Email: mfclfin43@gmail.com
website: www.multipurposefinance.com

# वर्तमान सरकार प्रविधियुक्त प्रशासन बनाउन केन्द्रित छ : गृहमन्त्री लेखक


काठमाण्डु । गृहमन्त्री रमेश लेखकले राज्यका तर्फबाट प्रदान गरिने सम्पूर्ण सेवालाई प्रविधिमैत्री बनाउँदै लगिने बताउनुभएको छ । काठमाडौँ उपत्यका ट्राफिक कार्यालयमा आइतबार आयोजित 'इ-चलान' (डिजिटल चिट) शुभारम्भ गर्दै उहाँले सबै नागरिकलाई सरल, सुलभ र पारदर्शी तथा झण्झटिलो र जटिलतारहित ढङ्गबाट सेवा प्रवाह गरिने बताउनुभयो ।

"कोही पनि नागरिकले सरकारी सेवा सरल ढङ्गबाट प्राप्त गर्न सकून्, कुनै जटिलता, अपारदर्शीता र भ्रष्टाचार नहोस्, सेवाग्राहीले सहजै सेवा प्राप्त गर्न गरुन् भन्ने उद्देश्यका साथ सरकार अघि बढिरहेको छ", गृहमन्त्री लेखकले भन्नुभयो। वर्तमान सरकार प्रविधियुक्त प्रशासन बनाउन केन्द्रित भएको जानकारी दिँदै उहाँले प्रविधिको प्रयोग गरी पूर्णसुशासनयुक्त मुलुक बनाउने बाटोमा अघि बढ्ने स्पष्ट पार्नुभयो ।

गृहमन्त्री लेखकले सडक नियम उल्लङ्घन गरेको अवस्थामा डिजिटल माध्यमबाट सवारीसाधनका चालकलाई कारबाही र तत्कालै जरिवाना तीर्न सकिने व्यवस्था कार्यान्वयनमा आएसँगै ट्राफिक कारबाहीमा नयाँ आयाम थपिएको बताउनुभयो । यो व्यवस्था कार्यान्वयन गर्न ट्राफिक प्रहरीको महत्वपूर्ण भूमिका भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "आजदेखि प्रारम्भ भएको छ, अब कार्यान्वयन गर्नुपर्छ, यो प्रणालीले सबैलाई सरलता प्रदान गरोस्, सफल प्रणालीका रुपमा प्रयोग गरेर उदाहरणीय काम गर्न सकोस् ।"बर्सैनि सडक दुर्घटनाबाट ठूलो जनधनको क्षति हुँदै आएको उल्लेख गर्दै गृहमन्त्री लेखकले सरोकारवाला सबैौ साझा प्रयत्नबाट मात्रै सडक दुर्घटना न्यूनीकरण गर्न सकिने बताउनुभयो । कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ढिलै भए पनि डिजिटल सवारी चालक अनुमतिपत्र वितरण र ट्राफिक कारबाहीको क्षेत्रमा महत्वपूर्ण कामको थालनी भएको बताउनुभयो ।

"सवारी चालक अनुमतिपत्र हातहाती दिन सक्नुपर्ने हो, तर अहिले पनि २२ लाख चालकलाई अनुमतिपत्र दिन सकेका छैनौँ, नियमन गर्ने प्रणालीको व्यवस्था गर्‍यौँ, यो ठूलो काम हो ।"

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले सवारी चालक परिचयपत्र नपाएका नागरिकले नागरिक एपमार्फत अनुमतिपत्र देखाउन सक्ने व्यवस्था भएसँगै सवारी लाइसेन्स वितरणमा ऐतिहासिक सुरुआत भएको बताउनुभयो । क्यूआर कोडसहितको डिजिटल लाइसेन्स 'रिड' गर्न र सडक नियम उल्लङ्घनमा कारबाही गर्न बागमती प्रदेश सरकारले ट्राफिक प्रहरीलाई सुरुआती चरणमा एक सय चार मोबाइल उपलब्ध गराएको जानकारी दिँदै उहाँले आवश्यकताअनुसार प्रहरीलाई थप पाँच सय मोबाइल उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# राज्य संयन्त्र निष्पक्ष हुनुपर्छ

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष समेत रहेका पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई सहकारी ठगीमा पक्राउ गरिएको छ । देशका कयौं शहरमा सहकारी खोलेर अर्बौं रुपैयाँ ठगी गर्ने जेबी राई समूहमा रहेका लामिछानेले ६० करोड भन्दा बढी रुपैयाँको त चेक नै काटेका छन् । संसदीय छानबिन समितिले लामिछानेलाई सहकारी ठगीमा दोषी ठहर गरेको थियो । सो समितिमा रास्वपाका सांसद पनि रहेका थिए । तर पोखरा महानगरपालिकाले गरेको छानबिन र पीडितहरुले दिएको उजुरीमा समेत लामिछाने दोषी देखिएको छ । पोखरामा रहेको सुर्यदर्शन सहकरी संस्थाको करोडौं रुपैयाँ अवैध ढंगले गोर्खा मिडिया प्रा.लि.मा लगानी भएको थियो । त्यसको प्रबन्ध निर्देशक लामिछाने थिए । उनले ६० करोड बढी रुपैयाँको चेक काटेका थिए । त्यस अतिरिक्त अन्य कयौं सहकारीबाट समेत गोर्खा मिडियामा करोडौं रुपैयाँ गएको देखिन्छ । गोर्खा मिडियामा सहकारीबाट अवैध ढंगले रुपैयाँ लगानी गरेपछि हजारौं बचतकर्ताको रकम डुबेको हो । सर्वसधारणले छाक टारेर जम्मा गरेको रकम लिएर गोर्खा मिडियाको नाममा अपचलन गरिएको यकिन भइसकेपछि लामिछानेले इमान्दारीपूर्वक पीडितहरुको रकम फिर्ताको प्रक्रियामा लाग्नु पर्ने थियो । तर उनले सो रकम फिर्ता गर्नुको साटो आफू निर्दोष रहेको सावित गर्न अनेक प्रपञ्च गर्न थाले । सरकारमा उपप्रधान एवं गृहमन्त्री रहेको बेला उनले राज्यसत्ताको चरम दुरुपयोग गरे । सहकारीको पक्षमा आवाज उठाउनेलाई अनेक प्रकारले यातना दिन थाले । संसदीय समितिको छानबिन प्रतिवेदनलाई आधार बनाएर सहकारी ठगी प्रकरणको छानबिन क्रममा लामिछाने पक्राउ परेका छन् । लामिछाने पक्राउ पर्दैमा पीडितले रकम फिर्ता पाउनेमा धेरै विश्वास गर्न सकिदैन । यस अघि पनि कयौं सहकारी ठगीमा पक्राउ परेकाहरु छुटिसकेका छन् ।उनीहरुले ठगेको रकमले आरामदायी जिवनयापन गरिरहेका छन् । तर पीडितहरुले निक्षेप फिर्ता पाएका छैनन् । लामिछाने प्रकरणमा पनि त्यही हुनेछ । रास्वपाका नेता कार्यकर्ताहरु रविको बचाउमा सडकमा नै उत्रेका छन् । उनीहरुले लामिछाने निर्दोष भन्दा पनि सरकारले पूर्वाग्रही भएर कारबाही गरेको आरोप लगाएका छन् । लामिछानेको पक्षमा रास्वापछि सबै भन्दा सशक्त ढंगले जनमत पार्टीका अध्यक्ष डा.सीके राउत उभिएका छन् । उनको गिरफ्तारीलाई राज्य शक्तिको चरम दुरुपयोग भन्दै राउतले नयाँ दललाई भ्रुण हत्या गर्न खोजिएको आरोप लगाएका छन् । नेपालमा पूर्वाग्रही भएर पनि धेरै कारबाही हुन्छ । सरकारको चाहना अनुसार अनेक राज्य संयन्त्र परिचालन हुन्छ । लामिछानेले पनि त्यो गरेका थिए । अहिले पनि त्यो भइरहेको छ । आगामी दिनमा पनि त्यो हुनेछ । देशमा कानुन सम्मत ढंगले निष्पक्ष रुपमा काम कारबाही भए राज्य संयन्त्रमाथि विश्वास बढ्ने छ ।

# सबै समुदायको अपनत्वका लागि रासस मातृभाषा समाचार सेवा



धर्मेन्द्र झा

पछिल्ला दुई वर्षमा राष्ट्रिय समाचार समिति (रासस)मा स्पष्ट देखिएका चार पक्ष छन्– श्रव्यदृश्य सेवा, मातृभाषा समाचार सेवा, मिडिया सङ्ग्रहालय र मध्यरात अर्थात् २४सै घण्टे सेवा । अघिल्ला दुई सेवाबारे यसअघिका व्यवस्थापनले सोचसम्म राखेको देखिन्छ भने आमनिर्वाचन, भूकम्प, महामारी, विपद् आदि र मुलुकका अन्य महत्त्वपूर्ण घटनाका समयमा रासस जस्तो राज्यको समाचार समितिले २४सै घण्टा सेवा दिनु उपयुक्त र जरुरी भएको महसुस बाक्लो ढङ्गले गरिँदै आइएको थियो । विश्व भूमण्डलीकरणले एक सानो गाउँका रूपमा संसारकै मिडियामा उल्लिखित उपर्युक्त सबै सेवा अहिले राससमा पनि लागू भइसकेको छ– क्रमशः २०७९ साउन, २०८० पुस, २०८१ साउन र २०८१ भदौ ।

विश्वमै र नेपालमा पनि आमसञ्चारमाध्यम वा समाचार कर्म वा पत्रकारिताका नयाँनयाँ आयाम विस्तार हुँदै जाँदा राससले पनि बदलिँदो समयानुरूप तस्बिर, श्रव्य, आलेख समाचार सेवा प्रदान गरिसके पनि प्रविधि, बजेट तथा जनशक्ति व्यवस्थापन मिलाउन लागेको समयका कारण धेरै पछि मात्र श्रव्यदृश्य, मातृभाषा र अहोरात्र सेवा दिन सकियो । राससलाई यस स्थितिसम्म आउन अघिल्ला व्यवस्थापन, नेतृत्व र कर्मचारी, पत्रकार, राससमा क्रियाशील सङ्घसङ्गठन तथा विभिन्न कालखण्डका सरकार तथा स्थानीय तह, शुभेच्छुक आदिको योगदान अविस्मरणीय छ ।

अहिले राससले आफ्ना सेवाका रूपमा नेपाली-अङ्ग्रेजी-अन्तर्राष्ट्रिय समाचार, आलेख समाचार, विचार, तस्बिर, श्रव्य र श्रव्यदृश्य सामग्री तथा अवधी मातृभाषा समाचार सेवा प्रदान गर्दै आएको छ । अन्तरराष्ट्रिय समाचार नेपाली र अङ्ग्रेजी दुवै भाषामा तथा आलेख समाचारका साथ समसामयिक विषयमा रासस बाहिरका विभिन्न विषयका विज्ञ, विश्लेषक तथा जानकार एवं स्थापित पत्रकारका विचार र अन्तर्वार्ता पनि राससमा प्रकाशन हुने गरेका छन् । यसबाट राससका सेवाग्राही तथा पाठक-स्रोता-शुभेच्छुक बढ्दै संस्थाको छवि आमसञ्चारकर्मी, प्राज्ञिक समुदाय, समाचार उपभोक्तामाझ उजिलिनका साथै आफ्नै आयाम पनि फैलँदै गएको महसुस भइरहेको छ ।

पछिल्लो दुई वर्ष लगातार गणतन्त्र दिवसका दिन आयोजना भएको दुई तस्बिर प्रदर्शनी (संस्कृति र भौतिक विकाससम्बन्धी) तथा गत साउन ३२ गते उद्घाटन भएको रासस मिडिया सङ्ग्रहालयमार्फत राष्ट्रिय जीवनका विभिन्न पक्षका महानुभावसँग अन्तरक्रिया, अन्तरघुलन भएको छ भने घाइते-बिरामी भएका संस्थाका कर्मचारी र संस्था बाहिर सामाजिक सेवा गर्न खडा गरिएको सामाजिक उत्तरदायित्व कोषले त्यस दिशातर्फ पनि योगदान दिने निश्चित नै छ । आफ्ना सेवाग्राहीसँग हरेक छ/छ महिनामा आयोजना हुँदै आएको छलफलले पनि राससलाई राम्रै पृष्ठपोषण प्राप्त भई सुधारका लागि अघि बढ्न मद्दत मिलेको छ ।

राज्यद्वारा सञ्चालित आमसञ्चारमाध्यम गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन र रासस विविध माध्यमबाट जनताको सूचनाको हकप्रति संवेदनशील हुँदै विविध समाचार प्रदान गर्न क्रियाशील छन् नै, राज्य वा सरकारका विभिन्न समयका नीति, निर्णय, निर्देशनजस्ता जानकारी समयमै पस्कन पनि अग्रसर नै रहिआएका छन् । दैनिक तथा निरन्तर रूपमा राज्यका सूचना तथा जनताका पिरमर्का, समस्या तथा सफलताका कथा प्रवाह गर्न कुनै न कुनै भाषाको आवश्यकता पर्छ ।

नेपाल र नेपालीका लागि कामकाजी र सम्पर्क भाषाका रूपमा रहेको नेपाली भाषा तथा विश्वभर सूचना र समाचार पुऱ्याउन अन्तर्राष्ट्रिय भाषाका रूपमा रहेको अङ्ग्रेजी भाषा उल्लिखित मिडियामा प्रयोग गरिएको छ । प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्रपछि भने सबै भाषाभाषीलाई टेवा दिन स्थानीय भाषामा पनि मिडियाले सूचना र समाचार तथा कार्यक्रम दिन र चलाउन थालेका छन् । प्रजातन्त्रमा सबै फूलहरूले फुल्न पाउनुपर्ने मान्यता नै छ । बहुलवादको मर्म आत्मसात् गरी तदनुकूल कार्यान्वयनको प्रयास थालिनु सुखद छ ।

बहुदलीय संसदीय व्यवस्थाको पुनःस्थापनापछि विसं २०५४ मा काठमाडौं महानगरपालिकाले द्वै भाषिक (नेपाली र नेपाल भाषा) नीति लागू गर्ने निर्णय गऱ्यो भने राजविराज नगरपालिका र धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई पनि सरकारी कामकाजको भाषाका रूपमा चलाउन खोजे पनि सर्वोच्च अदालतले विसं २०५६ जेठ १८ गते 'नेपाल अधिराज्यको संविधान, २०४७' को हवाला दिएर त्यसविरुद्ध फैसला दियो । यसबाट भाषिक स्वायत्ततालाई कुण्ठित गरियो भन्ने बुझाइ सरोकार पक्षमा विकसित हुन पुग्यो ।

> नेपालका सबै जाति र तिनको एकतामार्फत राष्ट्रिय एकता र भौगोलिक अखण्डता एवं सार्वभौसत्ता अटल रूपमा कायम राख्नका लागि आमसञ्चारमाध्यममार्फत सबै मातृभाषा जोगाउन राज्य र सबै समुदायले आ-आफ्नोतर्फबाट अग्रसरता देखाउनै पर्छ ।

राज्यको स्वामित्वको रेडियो नेपालले विसं २०५१, नेपाल टेलिभिजनले २०७९ र 'गोरखापत्र'ले २०६४ देखि मातृभाषामा समाचार र कार्यक्रम दिन थालेका हुन् भने आफ्नो स्थापनाको ६२ वर्षपछि मात्र गतसाल राससले नेपालगञ्ज उपमहानगरपालिकाको सहयोगमा बढी वक्ता भएको सातौं दर्जाको 'अवधी' मातृभाषामा समाचार सेवा दिन सुरु गरेको हो । यस प्रयासका माध्यमबाट भुइँ मानिससम्म सूचना प्रवाह गर्नका लागि रासस स्थानीय तहसँग सहकार्य गर्न तयार रहेको महत्त्वपूर्ण सन्देश प्रदान गर्न सफल रह्यो ।

त्यसो त रेडियो नेपालले २००८ सालदेखि नै नेपाल भाषामा समाचार प्रसारण गरिरहेको तथा पछि 'जीवन दबु' कार्यक्रममार्फत समाचार र कार्यक्रम चलाए पनि २०२२ मा हठात् बन्द गराइयो । रेडियो नेपालले हालसम्म २४, एनटिभीले सात (चालु वर्षमा चार भाषा थप हुने योजना), गोरखापत्रले ४४ र राससले तीन मातृभाषामा समाचार प्रकाशन प्रसारण गरेका छन् । रासस अवधी भाषा समाचार सेवा राससको समावेशिताउन्मुख चरित्रको सङ्केतका रूपमा मात्र आएको थियो भने सङ्घीय सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत चालु आर्थिक वर्षमा रु २४ लाख विनियोजन भएपछि भने यस सेवाले सङ्घीय मान्यता पनि पायो ।

गत असोज २९ गतेदेखि परीक्षणका रूपमा लामो परम्परा भएका र समृद्ध तथा विसं २०७८ को राष्ट्रिय जनगणनानुसार दोस्रो बढी वक्ता भएको 'मैथिली' र बागमती प्रदेशलेसमेत कामकाजी भाषाको मान्यता दिएका दुई (तामाङ र नेपाल भाषा) मध्ये एक र प्रदेशमा दोस्रो बढी वक्ता भएको 'नेपाल भाषा' समाचार सेवा सुरु भइसकेको छ ।

गत भदौ महिनादेखि सुरु भएको 'रासस मध्यरात सेवा' मूलतः राज्य र जनता लक्षित हो भने मातृभाषा समाचार सेवा जनताले बोल्ने, लेख्ने, व्यवहार गर्ने भाषाको संस्थागत संरक्षण, प्रवर्द्धनमार्फत सभ्यताको एक अङ्ग जोगाएर अन्ततः विश्वको निधि नै संरक्षण गर्ने र आमव्यक्तिको सूचनाको हकको सम्मान गर्ने उद्देश्य परिपूर्ति गर्ने पहलकदमी हो ।

यस सन्दर्भमा एउटा कुरा भन्नैपर्छ, भाषाको प्रयोगका सम्बन्धमा यदाकदा मानकको कुरा उठ्ने गरेका पृष्ठभूमिमा दुवै भाषाका सरोकार पक्षले विभिन्न समयमा भएका अन्तरक्रियामा तिनको मानक र स्तरीयताका लागि राखेको चासो सम्बोधन गर्न रासस गम्भीर छ ।

विसं २०७२ मा लागू भएको 'नेपालको संविधान' ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका सबै नेपाली जनता समष्टिमा राष्ट्र भएको परिभाषा दिँदै यिनै विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गरिने सङ्कल्प गरेको छ । 'नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन्' भनी स्पष्ट रूपमा स्वीकारिएको पनि छ । भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायको नेपाल सरकारसमक्ष सिफारिस गर्ने, भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्नेलगायत कामका लागि संविधानमै भाषा आयोगको व्यवस्था (धारा २८७) पनि गरिएको छ ।

त्यस्तै भाग ३ मा रहेको मौलिक हक र कर्तव्यअन्तर्गत धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ जसमा कानुनबमोजिम गोप्य राख्नुपर्ने विषयबाहेक प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने उल्लेख छ । यसैले भाषा संरक्षण र सूचनाको हकको परिपालनाका लागि पनि राज्यको स्वामित्वमा रहेका आमसञ्चारमाध्यम र अन्य सम्बन्धित निकायले मातृभाषा अर्थात् राष्ट्रभाषाको संरक्षण र विकासका लागि अनिवार्य कदम चाल्नु नै पर्ने देखिन्छ ।

विश्वमा अहिले करिब सात हजार भाषा रहेको अनुमान छ । भनिन्छ, प्रत्येक १४ दिनमा एक भाषा मरिरहेको छ । अर्को शताब्दीमा जाँदा भाषिक समुदाय, जसले आआफ्नो मातृभाषा बोल्छ, ले बोल्न छाड्दै जाने र अङ्ग्रेजी, चिनियाँ, स्पेनी आदि अन्तर ाष्ट्रिय भाषा बोल्न थालेपछि हाल भएकामध्ये करिब आधा भाषा लोप भएर जाने अनुमान गरिएको छ ।

विश्वभर फैलिएको कोरोना महामारी र आर्थिक मन्दीले विश्वका धेरै पुराना र प्रतिष्ठित मिडिया बन्द भएका छन् भने नेपाल पनि त्यसबाट अछुतो रहेन । पर्याप्त बजेट नहुँदा र कमै जनशक्तिबाट पनि मातृभाषाको प्रकाशन प्रसारणमार्फत राष्ट्रिय निर्माणको प्रक्रियालाई बल दिँदै मातृभूमिको सेवा गरिरहेका ससाना लगानीका मिडिया अहिले थला परेका छन् ।

दीर्घकालसम्म राज्यको उचित नीति र दृष्टिकोण नभएमा ती आमसञ्चार संस्था पुनर्जीवित हुने सम्भावना कमै हुन्छ । राससको यस प्रयासले तिनलाई ब्युँताउने र मातृभाषासमेत समेटेर नयाँ मिडिया खोल्न चाहने नयाँ सञ्चार उद्यमीलाई प्रेरणा र उत्साह मिल्ने विश्वास हामी व्यक्त गर्न चाहन्छौं । हाल राससले निःशुल्क रूपमा नै मातृभाषा समाचार सेवाग्राहीलाई उपलब्ध गराउने सोच राखेको छ । राज्यबाट प्रत्येक आवमा कम्तीमा अढाइ करोड रुपैयाँ बजेट प्राप्त भए हामी २०-२५ मातृभाषामा समाचार सेवा दिनसक्ने है सियत पनि राख्छौं ।

राससले समाचारका साथै समाचार सामग्रीका रूपमा आलेख समाचार, तस्बिर, श्रव्य र श्रव्यदृश्य सामग्री पनि प्रदान गरिरहेका सन्दर्भमा सरकारको बजेटबाट एकमुष्ट रकम यसलाई विनियोजन हुन सकेमा एकद्वार प्रणालीमार्फत नै मातृभाषा समाचार र कार्यक्रम पनि सञ्चालन गर्न सकिन्छ । अझ यसको दिगोपनाका लागि मातृभाषा कोष नै खडागरी सङ्घीय, प्रादेशिक सरकार तथा स्थानीय तहबाट है सियतअनुसार आर्थिक योगदान हुनसकेमा मातृभाषा समाचार सेवाको दिगोपनाको आशा गर्न सकिन्छ ।

कुनै पनि भाषा एकपल्ट लोप भएमा त्यसलाई पुनः ब्युँताउने कार्य बडो सकसपूर्ण हुन्छ र बचाउन सकिएन भने मानव सभ्यता नै नष्ट हुँदै जान्छ । बङ्गाली भाषाका लागि भएको आन्दोलनपछि बङ्गलादेश पाकिस्तानबाट विभाजित भएको सर्वविदितै छ । यसले नागरिकमा आफ्नो मातृभाषाप्रतिको मोह कति धेरै हुन्छ भन्ने इतिहास अध्ययन गर्न डोहोऱ्याउँछ । धेरै मातृभाषी पत्रपत्रिकाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा योगदान गरे भने अहिले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्रवर्द्धन र सुशासनका पक्षमा पनि आवाज उठाउँदै आएका छन् ।

तिनले दिएको योगदानको राज्यले उचित मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

संयुक्त राष्ट्रसङ्घले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक नै घोषणा गरेको छ । सो दशकअन्तर्गत दुई वर्ष बित्न लागिसकेको छ । त्यसैले सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र अन्य सम्बन्धित मन्त्रालय, भाषा आयोग, प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, प्रदेश र स्थानीय तहका सरकारसहित सम्बद्ध निकायमार्फत आदिभाषा, मातृभाषाको विकास, सम्वर्द्धन र संरक्षण हुने कार्यक्रम नेपालले तुरुन्त राज्यस्तरमै ल्याउनुपर्छ । यसमा मातृभाषासम्बन्धी गतिविधिमा संलग्न निजी क्षेत्रका सङ्घसंस्था, पत्रकार, सञ्चारकर्मीका संस्थाको पनि सक्रियता आवश्यक छ ।

यहाँनेर नेपाल भाषाका महाकवि सिद्दिदास अमात्यको भनाइ सम्झन चाहन्छौं- "भाषा म्वासा जाति म्वाइ" अर्थात् भाषा बाँचे मात्र जाति पनि बाँच्छ । उनले भने झैं नेपालका सबै जाति र तिनको एकतामार्फत राष्ट्रिय एकता र भौगोलिक अखण्डता एवं सार्वभौसत्ता अटल रूपमा कायम राख्नका लागि आमसञ्चारमाध्यममार्फत सबै मातृभाषा जोगाउन राज्य र सबै समुदायले आ-आफ्नोतर्फबाट अग्रसरता देखाउनै पर्छ । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# सन्तुलित परराष्ट्र नीति नै हाम्रो मार्गदर्शन



डा शिवमाया तुम्वाहाङ्फे

हाम्रो जस्तो मिश्रित निर्वाचन प्रणाली भएका मुलुकमा कुनै एउटा दलले स्पष्ट बहुमत ल्याउनसक्ने देखिँदैन । त्यतिबेला दुई वा दुईभन्दा बढी दलहरु मिलेर सरकार बनाउनुपर्ने हुन्छ । यसअघि संसद्मा तेस्रो राजनीतिक दलले कहिले पहिलो त कहिले दोस्रो दलको साथ लिएर सरकारको नेतृत्व गरेको थियो ।

यसपटक पहिलो र दोस्रो दलको संयुक्त सरकार गठन भएसँगै राजनीतिक स्थिरता भएको छ । जनताको निराशा, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, सुशासन, आर्थिक विकास, सामाजिक न्याय र समृद्धिको बाटोमा देशलाई लैजानै पर्ने आवश्यकताले दुई ठूला दल नेकपा (एमाले) र नेपाली कांग्रेसको संयुक्त सरकार गठन भएको छ । देशका विद्यमान समस्याहरू समाधान गरेर विकास गर्ने र सुशासनको अनुभूति गराई जनतामा आशा जगाउने उद्देश्यले गठन भएको वर्तमान सरकारले राजनीतिक स्थायित्व र आर्थिक विकासलाई गति प्रदान गर्ने मूलभूत उद्देश्य लिएर अघि बढेको छ । जनताको बढ्दो निराशा आशामा परिणत भएको छ । वर्तमान सरकार गठनपछि जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका ठोस परिवर्तन नभए पनि दीर्घकालीन परिणाम दिने काम भएका छन् ।

सरकार गठन भएको सय दिनको अवधिमा वर्षौंदेखि अड्किएको शान्ति प्रक्रियाको महत्वपूर्ण विषय बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी (टिआरसी) विधेयकलाई संसदले पारित गरेको छ । शान्ति प्रक्रियाको लामो समयदेखि सङ्कटमा परेको सङ्क्रमणकालीन न्यायसम्बन्धीको विधेयक पारित गराउन सफल र सक्षम यो सरकारले नै अब मुलुकको भाग्य र भविष्य निर्माण गर्छ भन्ने सङ्केत गरेको छ । यो विषय हाम्रो आन्तरिक मामिला मात्र नभएर विश्व समुदायकै लागि शान्ति प्रक्रियामा नेपालले गरेको उदाहरणीय कार्य पनि हो । सरकार सञ्चालनलाई प्रभावकारी र गतिशील बनाउन सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले) र अर्को मुख्य साझेदार नेपाली काङ्ग्रेसले आवश्यक सल्लाह सुझाव दिइरहेका छन् । यसले सरकार र पार्टी बीचको सम्बन्धलाई थप मजबुत बनाएको छ ।

नेपालीको महान चाड दशैंको मुखमा भएको प्राकृतिक विपद्ले ठूलो जनधनको क्षति गरायो । मौसमविद्हरुले पूर्वसूचना दिँदादिँदै पनि आवश्यक पूर्वतयारी र सावधानी अपनाउन नसक्दा ठूलो क्षति हुन पुग्यो । यद्यपि सरकारले तत्कालै विपद प्रभावित जनताको उद्दार, राहत र पुनःस्थापनासँगै भत्किएका सडकको मर्मत एवम् बैकल्पिक व्यवस्था गरी छोटो समयमै जनजीवनलाई सामान्यीकरण गराउन सकेको छ । सरकारले ४१ वटा स्थानीय तहलाई विपद सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ । विपदसँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ । विपद् व्यवस्थापनमा सरकारको मात्रै नभएर सङ्घसंस्था र नागरिक स्तरबाट पनि उत्तिकै क्रियाशीलता हुन आवश्यक हुन्छ ।

### विदेश सम्बन्धका कुरा

वैदेशिक सम्बन्धतर्फ पनि सरकारले सय दिनको अवधिमा सकारात्मक दिशा लिएको पाइन्छ । वैदेशिक सम्बन्ध हाम्रो संविधान र कानूनले निर्देशित गरेका व्यवस्थाहरुको आधारमा विकाशित हुने कुरा हो । छिमेकीलगायत अन्य मित्र राष्ट्रहरुसँग रहँदै आएको परम्परागत मैत्री सम्बन्धलाई समयानुकूल गर्दै लैजाने र अन्य राष्ट्रसँग सम्बन्ध विस्तार गर्दै लैजानुपर्ने हुन्छ । नेपालले नैतिक मूल्यका आधारका साथै गौतम बुद्ध, शान्ति र सहनशीलताको देशका रुपमा आफूलाई चिनाउनुपर्छ भन्ने नै हाम्रो मान्यता हो । नेपाल सन् २०२६ सम्म विकासशील मुलुकमा स्तरोन्नति हुँदै गर्दा नेपालले साझेदारी र विदेशी दातृ निकायबाट लिइने सहयोगका ढाँचामा परिवर्तन गर्नु आवश्यक छ । दिगो विकासको २०३० एजेन्डा पूरा गर्न नेपालले गरेको प्रयास र त्यसका लागि आवश्यक सहयोग विस्तारमा जोड दिनुपर्नेछ ।

> राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रताको मुद्दा विगतमा जति ओझेल परेका थिए, त्यसलाई सुधारेर एउटा सन्तुलित परराष्ट्र नीतिको सिद्धान्त अबलम्बन गर्नुपर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको छ ।

राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रताको मुद्दा विगतमा जति ओझेल परेका थिए, त्यसलाई सुधारेर एउटा सन्तुलित परराष्ट्र नीतिको सिद्धान्त अबलम्बन गर्नुपर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको छ । परराष्ट्र नीतिअन्तर्गत दुवै छिमेकी मुलुकहरुसँग र अरु हाम्रा सहयोगी मुलुकहरुसँगको सम्बन्धलाई सन्तुलित, व्यवस्थित र मर्यादित बनाउने कामसुरु गरिसकेको देखिन्छ । पञ्चशील र असंलग्नता जस्ता सिद्धान्तका आधारमा अन्य मुलुकहरुसँगको सम्बन्ध विकसित हुँदै आएको छ । ती मुलुकसँगको सम्बन्धलाई अझ विकासित गर्नको लागि सरकारले राजदूतहरु पठाउने गर्दछ । वर्तमान सरकार गठनपछि विभिन्न मुलुकको लागि राजदूतको सिफारिस भैसकेको छ । राजदूतहरुले सम्बन्धित देशसँगको सम्बन्धलाई अझ प्रगाढ तुल्याउँदै मुलुकको हित अनुकूल सहयोगका क्षेत्रहरुमा सहजीकरण गरी दुई देशबीचको पुलको रुपमा काम गर्नु पर्ने हुन्छ । राजदूतको सफलता त्यस देशका सरकार, नागरिक समाज र प्रवुद्ध वर्गसँग गरिने अन्तर्क्रियामा समेत निर्भर रहने गर्दछ । सरकारले मलाई पनि दक्षिण कोरियाको राजदूतमा सिफारिस गरेको सन्दर्भमा मैले सिङ्गो राष्ट्रको प्रतिनिधित्व गर्दै नेपालको इज्जत, गरिमालाई वृद्धि गर्न इमान्दार भएर कर्तव्य निर्वाह गर्नेछु ।

वर्तमान सरकार गठनपछि छिमेकी मुलुकसँगको सम्बन्ध अझ विस्तार भएको छ । उच्चस्तरीय भ्रमणहरुको आदानप्रदान हुने क्रम सुरु भएको छ । भर्खरै प्रधानमंत्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी भएर अन्तर्राष्ट्रिय जगतमा नेपालको परिचय अभिवृद्धि गराउन महत्वपूर्ण भूमिका खेल्नु भएको छ । यस पटक नेपालको प्रस्तुति र 'इन्गेजमेन्ट' विगतको भन्दा केही फरक देखिएको थियो । त्यस क्रममा विभिन्न देशका सरकार एवं राष्ट्र प्रमुखहरुसँगको भेटवार्ता तथा विभिन्न फोरमहरुमा सम्बोधन गर्ने क्रममा नेपालको सम्भावना, वर्तमान अवस्था र नेपालले विश्व समुदायमाझ राखेको अपेक्षाका बारेमा प्रस्ट रुपमा धारणा राख्नुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट भएको सम्बोधन तथा दुईपक्षीय भेटवार्तामा व्यक्त विश्व शान्ति, मानव-पृथ्वीको रक्षा, जलवायु न्याय, गरिबी निवारण, लोकतन्त्र र आर्थिक रुपान्तरणका यात्रामा नेपालको प्रयासबारे अवगत भएको छ । विश्वशान्ति, जलवायु परिवर्तन र विकासबारे अन्तर्राष्ट्रिय समुदायसँगका अपेक्षाबारे नेपालले स्पष्ट धारणा राखेको छ । 'फ्युचर अफ द समिट' र महासभामा भएको सम्बोधनमा प्रधानमन्त्रीले अल्पविकसित मुलुकका आवाजलाई प्रस्तुत गर्नुभएको छ । नेपाललाई सगरमाथाको देश वा बुद्धको देशका रुपमा मात्र नभई यहाका डाँफे, एक सिङ्गे गैँडा जस्ता विश्मा दुर्लभ बस्तुका आधारमा समेत परिचित गराउन सकिने विषयलाई उजागर गर्नु भएको छ । त्यस अवसरमा नेपालले शान्ति प्रक्रियाको विषयमा गरेको उदाहरणीय कार्यलाई विश्व समुदायले निकै प्रशंसा पनि गरेको थियो । समग्रमा हिमाली मुलुक, अल्पविकसित मुलुकले भोग्नु परेको चुनौती नेपालको नेतृत्वमा विश्वका नेतृत्वलाई सुनाउनु अर्को गर्वको विषय यो पटकको महासभा बन्यो ।

यतिबेला मध्यएसिया, पूर्वीएसिया र अफ्रिकामा हतियारको होडबाजी र युद्ध चलिरहेको छ । यसमा हामीले नरशंहारकारी बाटोमा नजान सम्बद्ध पक्षसँग आग्रह गर्ने हो । विश्व युद्धकालमा जस्तो हतियार र बलले नियम कानुन थोपर्ने बाटोबाट होइन, संवाद र कूटनीतिको बाटोबाट जाउँ भन्ने हाम्रो सन्देश हो । हामी द्वन्द्वरत पक्षको पक्षधरतामा नरहेर शान्तिका लागि सन्देश दिन सक्छौं । २१ औं शताब्दीमा हतियार र युद्धबाट जित्न खोज्ने बाटोले मानवता र पृथ्वी रहँदैन । नेपालको मौलिक शान्ति र सद्भावको सन्देशबाट अरुले पाठ सिक्न सक्छ । नेपालको सफल शान्ति प्रक्रियाको मौलिक अनुभवलाई युद्धरत मुलुकले लिन सक्छन् भन्ने कुरालाई प्रधानमन्त्रीले महासभामा सहभागी हुँदा पनि सन्देश दिनुभएको छ । (प्रस्तुत विचार पूर्वमन्त्री एवं दक्षिण कोरियाका लागि प्रस्तावित राजदूत डा तुम्वाहाङ्फेसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

# समाजमा एकरुपता ल्याउनका लागि समावेशी अभ्यास अपरिहार्यः सञ्चारमन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले विविधतायुक्त समाजमा एकरुपता ल्याउन समावेशी अभ्यास अपरिहार्य रहेको बताउनुभएको छ । राष्ट्रिय समाचार समिति (रासस)सँगको अन्तर्वार्ताका क्रममा उहाँले समावेशी अभ्यास बलियो हुँदा समाजमा सबै वर्गले अपनत्व महसुस गर्न पाउने बताउनुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले शान्त, समृद्ध, सुसभ्य, र विवादरहित समाज निर्माण गर्न समावेशीता जरुरी रहेको उल्लेख गर्नुभयो । राससले समावेशी अभ्यासअन्तर्गत मैथिली र नेपालभाषा समाचार सेवा थप गरेको सन्दर्भ जोड्दै उहाँले भाषामा सबै समुदायको पहुँच विस्तार गर्नु लोकतन्त्र सुदृढ हुनुको सङ्केत भएको बताउनुभयो । "राज्यको सत्ता र स्रोतमा सबैको पहुँच पुग्नुपर्छ", मन्त्री गुरुङले भन्नुभयो, "संसारमा भएका अभ्यासमध्ये नेपालमा लोकतान्त्रिक अभ्यास भइरहेको छ, यसले सबै भाषा, धर्म, समुदाय, वर्गलाई समेटेको छ । आजको दिनसम्म सबैभन्दा व्यवस्थित खालको लोकतन्त्र भनेको समावेशी लोकतन्त्र नै हो ।"

मन्त्री गुरुङले मुलुक समावेशी लोकतन्त्रको अभ्यासमा रहेको जनाउँदै यसैको अभ्यासस्वरुप राससले थप भाषामा सेवा सुरु गरी भाषा संरक्षण र प्रवर्द्धनमा नयाँ आयाम थपेको उल्लेख गर्नुभयो । राससले विभिन्न भाषामा समाचार दिँदा भूँइमान्छेले पनि अपनत्व महसुस गर्न थालेको उहाँको भनाइ थियो । "राष्ट्रिय समाचार समिति (रासस), रेडियो नेपाल, गोरखापत्र संस्थानलगायत संस्थाले अहिलेको समावेशी लोकतन्त्रको भावनालाई पछ्याउन खोजेको देखिन्छ । यो आफैँमा खुसीको कुरा हो", मन्त्री गुरुङले भन्नुभयो ।

यसअघि नेपाली र अङ्ग्रेजीमा मात्र समाचार सम्प्रेषण गदै आएको राससले हाल पाँच वटा भाषामा समाचार सेवा प्रदान गरिरहेको छ । उहाँले आगामी दिनमा राससले अन्य भाषालाई पनि स्थान दिँदै जानुपर्नेमा जोड दिनुभयो । "अहिले गोरखापत्रले ४४, रेडियो नेपालले २५ र नेपाल टेलिभिजनले विभिन्न भाषामा समाचार दिँदै आएको छ", मन्त्री गुरुङले भन्नुभयो, "नेपालमा दनुवार भाषी कम भए पनि रेडियो नेपालले हालै दनुवार भाषामा समाचार प्रसारण गर्न थालेको छ, यसले दनुवार सुमदायले नेपालमा लोकतन्त्र आएको महसुस गर्न थालेका छन् ।"रासस

# सङ्क्रमणकालीन न्यायनिरुपणका लागि समिति पुनर्गठन गर्ने सरकारको निर्णय



काठमाण्डु । सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउनका लागि सरकारले सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सिफारिस समिति पुनर्गठन गर्ने निर्णय गरेको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि सिफारिस गर्न मन्त्रिपरिषद्को २०८० साल चैत ३० को निर्णयानुसार गठित सिफारिस समिति पुनर्गठन गर्ने निर्णय गरेको हो ।

सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश मिश्रको अध्यक्षतामा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य सदस्य, मानवअधिकारवादी, मनोविज्ञानवेत्ता, कानुनविद् विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिमध्येबाट सदस्यहरू पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, डा अर्जुनकुमार कार्की र स्टेला तामाङ रहनुभएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा यही कात्तिक २ गतेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सङ्क्रमणकालीन न्यायको कार्यभार पूरा गर्नका लागि दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न सिफारिस समिति पुनर्गठन गरिएको जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्ले विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्रस्ताव गरिएको करिब १३५ मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने निर्णय गरेको छ ।साथै सरकारले विश्व बैंकबाट प्राप्त हुने १५० मिलियन अमेरिकी डलर (करिब २० अर्ब १२ करोड नेपाली रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने समेत निर्णय गरेको छ । विपद्जन्य घटनालाई सम्बोधन गर्नेगरी राहत तथा पुनःनिर्माण प्रयोजनार्थ नेपाल सरकारलाई अनुदान स्वरुप प्राप्त हुने मालवस्तुमा भन्सार महसुल छुट दिने समेत निर्णय मन्त्री गुरुङले जानकारी दिनुभयो ।

सरकारले नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकमा आशीष गजुरेललाई पुनःनियुक्त र यही कात्तिक १८ देखि २१ सम्म भारतको नयाँदिल्लीमा आयोजना हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको सातौँ बैठकमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई सहभागी हुन स्वीकृति दिने समेत निर्णय गरेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका क्वारेन्टिन कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय समेत बैठकले गरेको छ ।त्यसै गरी हालैको बाढीपहिरोबाट प्रभावित भई नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका २० जिल्लाका ७१ स्थानीय तहमध्ये अतिप्रभावित, प्रभावित र सामान्य प्रभावित स्थानीय तहहरूको सेवा सञ्चालन गर्ने प्रयोजनार्थ जिल्ला विपद् व्यवस्थापन समितिमार्फत तत्काललाई क्रमशः रु एक करोड, रु ७५ लाख र रु ५० लाखका दरले रकम उपलब्ध गराउने गर्ने निर्णय भएको छ ।

बैठकले मुस्ताङको कोरोला नाकामा अध्यागमन कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली र नागरिक एपबीच अन्तर-आबद्धता कायम गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत निर्णय गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र मातहतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

यही कात्तिक १७ देखि १९ गतेसम्म साउदी अरेबियाको राजधानी रियादमा आयोजना हुन लागेको 'रोड सेफ्टी एण्ड सेस्टनेबिलिटी कन्फरेन्सः इनोभेटिङ फर टुमरो' विषयक कार्यक्रममा सहभागी हुनका लागि भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

मध्य मेवा जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा रहेको राष्ट्रिय वनको चार दशमलव सात हेक्टर जग्गा प्रयोग गर्न दिने, मध्य मेवा-ढुङ्गेसाँगु १३२ केभी विद्युत् प्रसारणलाइन आयोजना निर्माणका लागि ताप्लेजुङको मेरिङ्देन गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कूल जम्मा पाँच दशमल ०११७ हेक्टर जग्गा प्रयोग गर्न दिने पनि बैठकले निर्णय गरेको छ ।

त्यस्तै, सिवा खोला जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङको मिक्वाखोला गाउँपालिका, मेरिङ्देन गाउँपालिकामा रहेको राष्ट्रिय वनको चार दशमलव ०५१ हेक्टर जग्गा प्रयोग गर्न दिने र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम नेपाल सरकारकोतर्फबाट कतार सरकारलाई उपहारस्वरूप चितवन राष्ट्रिय निकुञ्जको हात्तीसारमा रहेका एकजोडी हात्ती उपहार दिने निर्णय पनि बैठकले गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो । साथै, सदर चिडियाखानाको व्यवस्थापन जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गर्नेसमेत निर्णय पनि गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै, नेपालको नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन विश्लेषण गरी सुरक्षित, भरपर्दो र विश्वसनीय नागरिक उड्डयन प्रणालीको विकास गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको अध्यक्षतामा एक उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने निर्णय गरेको छ । समितिको सदस्यहरुमा हवाई व्यवस्थापन विज्ञ राजेन्द्रबहादुर सिंह, हवाई सुरक्षा विज्ञ भेषराज सुवेदी, हवाई सेवा सञ्चालन तथा गुणस्तर व्यवस्थापन विज्ञ क्याप्टेन रिवाजप्रसाद प्रधान र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सहसचिव रहनेछन् ।

बैठकले कारागार कार्यालयहरूको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय छ ।मन्त्री गुरुङले दूरसञ्चार ऐन, २०५३ को दफा ४५ को उपदफा (३) बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणलाई आर्थिक वर्ष २०८१/८२ का लागि रु तीन अर्ब उपलब्ध गराउने निर्णय भएको जानकारी दिनुभयो ।

कोशी प्रदेशको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेस प्रदेशको नारायणी अस्पताल, बागमती प्रदेशको कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल, सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत उपचार खर्च बेहोर्न नसक्ने नागरिकलाई कस्मेटिकबाहेकको जलन उपचार व्यवस्था निःशुल्क गर्ने निर्णय भएको छ । रासस

> सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश मिश्रको अध्यक्षतामा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य सदस्य, मानवअधिकारवादी, मनोविज्ञानवेत्ता, कानुनविद् विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिमध्येबाट सदस्यहरु पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, डा अर्जुनकुमार कार्की र स्टेला तामाङ रहनुभएको छ ।

# राहत र पुनःस्थापनाका लागि सरकारले प्रभावकारी काम गरिरहेको छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी, पहिरो र डुबानपछिको अवस्थामा राहत र पुनःस्थापनाका लागि सरकारका तर्फबाट गर्नुपर्ने काममा कुनै कमी नहुने स्पष्ट गर्नुभएको छ ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले)को सिन्धुली जिल्ला कमिटीले हालैको बाढी, पहिरो र डुबानका कारण भएको जनधनको क्षतिका सम्बन्धमा आइतबार प्रधानमन्त्री निवास, बालुवाटारमा दिएको ध्यानाकर्षणपत्र बुझ्दै प्रधानमन्त्री ओलीले पछिल्ला मन्त्रिपरिषद्का बैठक र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्का बैठकबाट समय तालिका तोकेर राहत र पुनःस्थापनाका काम प्रभावकारी रुपमा अघि बढाउन निर्णय गरिएको जानकारी गराउनुभयो ।

उहाँले सरकार सबै सम्बन्धित अङ्गले पीडितका पक्षमा सक्दो काम गरिरहेकाले अराजकता र अस्थिरता मच्चाउन चाहनेहरुले फैलाएका अनावश्यक भ्रम चिरेर ढुक्कसाथ आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्नुभयो ।

एमालेको जिल्ला कमिटीका अध्यक्ष महेन्द्रदेव श्रेष्ठले जिल्लाका चार पालिकालाई सङ्कटग्रस्त घोषणा गरेकामा सरकारलाई धन्यवाद दिँदै किसानका पाकेका धानबाली र सयौँ संख्यामा पशु चौपायामा समेत क्षति भएकाले पुनःनिर्माण र पुनःस्थापनाका कामलाई अगाडि बढाउँदै किसानलाई विशेष राहतको प्याकेज व्यवस्था गर्नुभएको थियो ।

सो अवसरमा एमालेका अनुशासन आयोगका अध्यक्ष केशव बडाल, एमालेका बागमती प्रदेश इञ्चार्ज डा राजन भट्टराई, पूर्वसांसद गणेश पहाडीलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# रक्षा मन्त्रालय मातहत पछिल्ला उपलब्धि




काठमाण्डु । राष्ट्रिय गौरवको काठमाडौँ-तराई/मधेस द्रुतमार्गको धेद्रेसुरुङ छिचोल्ने (ब्रेकथ्रु) र बुङमती क्षेत्रमा २२५ रोपनी जग्गाको मुआब्जामा पुँजीगत लाभकर छुट दिने कार्यलाई रक्षा मन्त्रालयले पछिल्लो महत्वपूर्ण उपलब्धिका रुपमा लिएको छ ।

'आजको सुरुआत, भोलिको आधारः काठमाडौँ-तराई/मधेस द्रुतमार्ग' भन्ने आदर्शका साथ निर्माण पनि द्रुततर ढङ्गबाटै अघि बढिरहेको रक्षा मन्त्रालयले जनाएको छ। आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न विभिन्न समूहमा विभाजन गरी निर्माण एकैसाथ अघि बढाइएको मन्त्रालयको भनाइ छ ।

नेपाली सेनाको व्यवस्थापनमा भइरहेको द्रुतमार्गअन्तर्गतको उक्त सुरुङमार्ग गत साउन २१ गते छिचोलिएको थियो भने गत भदौ १३ गते खोकना बुङमतिक्षेत्रको जग्गाको लाभकर छुटसम्बन्धी निर्णय भएको मन्त्रालयले जनाएको छ ।काठमाडौँ-तराई/मधेस सडक आयोजनाको समष्टिगत प्रगति हालसम्म ३६ दशमलव ४२ रहेको छ। राजधानी र तराईलाई जोड्ने करिव ७२ किमी दुरीको यस राजमार्गमा तीन स्थानमा गरी करिव छ किमी लम्बाईको सुरुङका साथै विशेष प्रकृतिकासहित ८७ वटा पुल रहने छन् ।

पहाडी भू-भागमा २५ तथा तराईमा २७ मिटर चौडाई रहने चार लेनको द्रुतमार्ग पुल र सुरुङबाहेक करिव ५५ दशमलव पाँच किमी लम्बाइको रहनेछ ।

बारा, मकवानपुर, ललितपुरहुँदै काठमाडौँ जोड्ने उक्त मार्गको निर्माण पूरा भएसँगै नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालको राष्ट्रिय आकाङ्क्षालाई मूर्तरुप दिन महत्वपूर्ण भूमिका खेल्ने मन्त्रालयको विश्वास छ ।मन्त्रालय मातहत सेनाको व्यवस्थापनमा निर्माणाधिन महाकाली कोरिडोरको दार्चुला-टिङ्कर तथा बेनिघाट-आरुघाट-लार्केभन्ज्याङ सडक आयोजनाको भौतिक प्रगति पनि लक्ष्यअनुरुप नैअघि बढिरहेको मन्त्रालयले जनाएको छ ।

कर्णाली कोरिडोरको लालिबगर-दुलिकुन्ना र घाटपारीचौर-बद्रीगाँउ-भुक्काखेला तथा कोशी कोरिडोरको च्याम्ताङ-घाङघप्पाको समष्टिगत प्रगति पनि लक्ष्यअनुरुप जानकारी दिइएको छ ।विगतको द्वन्द्वकालमा क्षति भएका तथा नयाँ निर्माण गरिने सैनिक ब्यारेकसहितका पूर्वाधार संरचना कार्यक्रम 'बङ्करदेखि ब्यारेक'अन्तर्गत यस वर्ष ब्यारेक भवन निर्माणका लागि तय भएका ७३ कार्यक्रममध्ये ५४ वटा कार्यक्रमको बोलपत्र आह्वान भइ ठेक्का सम्झौता समेत भएको छ ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय निर्माण तीव्रगतिमा अघि बढिरहेको छ भने राष्ट्रपति चुरे संरक्षणका सातमध्ये छ कार्यक्रमको बोलपत्र आह्वान भएको मन्त्रालयले जानकारी दिएको छ । बाँकी एउटाको डिजाइनको काम भइरहेको छ ।

मन्त्रालय मातहतको निकायले यस अवधिमा सामुदायिक विपद् प्रतिकार्य तालिम तीन हजार तीन सय ७५ जनालाई दिएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ ।मन्त्रालयले राष्ट्रिय सुरक्षा नीति २०७५ र प्रतिरक्षा नीति २०७७ कार्यान्वयनका लागि नेतत्व, समन्वय र सहजिकरण भइरहेको जानकारी दिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा वर्तमान सरकार गठनपछि राष्ट्रियसुरक्षा परिषद्को ३४औँ बैठकबाट राष्ट्रिय सुरक्षासँगसम्बन्धी विभिन्न निर्णय भएको पनि मन्त्रालयले जनाएको छ । वर्तमान प्रधानसेनापति अशोकराज सिग्देलको नियुक्ति, राष्ट्रिय सुरक्षा परिषद्को बैठकमार्फत भएका महत्वपूर्ण निर्णय, सुरक्षा परिषद्को दुई आर्थिक वर्षको प्रतिवेदन राष्ट्रपति समय प्रस्तुत गर्ने कार्य पनि पछिल्लो महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिने मन्त्रालयको भनाइ छ ।

विपद्पछि उद्धारमा सेना

रक्ष मन्त्रालयले गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीबाट प्रभावित नागरिकको खोजी, उद्धार र राहतमा मातहतको जनशक्ति नेपाली सेना खटाएर नागरिक जीवन रक्षा र धनमालको सुरक्षाजस्तो कार्यमा महत्वपूर्ण योगदान गरेको थियो ।

त्यसक्रममा देशभर उद्धार कार्यमा तीन सय ८३ स्थानमा प्रत्यक्ष सात हजार चार सय ८७ सैनिक खटिएका थिए भने सात स्थानमा हवाई उडानमार्फत खाद्यान्न ढुवानी गरिएको मन्त्रालयले जनाएको छ ।

बाढी, पहिरो र डुबानका घटनामा ज्यान गुमाएका १६ वटा शव सैनिक हवाई उडानमार्फत व्यवस्थापन गरिएको थियो भने सो क्रममा बाढी पहिराका चपेटामा परेका सात सय २६ जनाको सेनाले हवाई उद्धार गरेको थियो ।

सिस्नेरी खोलामा आएको बाढीमा फसेका ३२ जना फुटबल खेलाडीको पनि नेपाली सेनाले उद्धार गरेको थियो । सिन्धुली गोलञ्जोर-७ खुर्कोटस्थित सुनकोसीले बगाएको पुल भएकै ठाँउमा सेनाको टोलीले बेलिबृज जडान गरिरहेको छ ।

उक्त कार्य केही दिनभित्रै पूरा हुने पनि मन्त्रालयको भनाइ छ ।

मन्त्रालयले जलवायु परिवर्तनको असरबाट हिमताल विष्फोटनपछि खोलुखुम्बुको थामेमा आएको बाढीमा फसेका व्यक्तिको उद्धारमा तत्कालै एक सय ७९ जनाको सैनिक टोली खटाई उद्धार गरिएको थियो ।रासस

# तीन वटै तहको समन्वयमा राहत विवरण हुन्छः मुख्यमन्त्री लामा



पाटन । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयमा राहत वितरणलाई प्रभावकारी बनाइने बताउनुभएको छ ।

नेपाली कांग्रेस ललितपुर प्रतिनिधिसभा क्षेत्र नं २ समितिले बाढीपहिरोले पुऱ्याएको क्षति र यसपछिको राहत, पुनःस्थापना, पुनःनिर्माणका विषयलाई सम्बोधन गर्न माग गर्दै बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै आइतबार उहाँले तीन वटै तहले दिने राहतका लागि कार्यविधि बनाएर काम गर्ने बताउनुभयो ।

"राहतका लागि पालिकाहरुलाई तत्कालै रु २० लाख र रु १५ लाख उपलब्ध गराइएको छ, मृत्यु भएका परिवारलाई रु एक लाख जिल्ला प्रशासन कार्यालयमार्फत उपलब्ध गराएका छौँ", उहाँले भन्नुभयो, "राहत तथा उद्धारका लागि १३ जिल्लाका लागि रु पाँच लाखका दरले जिल्ला प्रशासन कार्यालयमा रकम पठाइएको छ ।"

उहाँले प्रमाणीकरण भएपछि मृत्यु भएका बागमती प्रदेशभित्रका स्थायी बासिन्दा परिवारलाई थप रु एक लाख उपलब्ध गराउने समेत जानकारी दिनुभयो । मुख्यमन्त्री लामाले सबै जिल्लाबाट भौतिक र मानवीय क्षतिको विवरण प्राप्त भएपछि तथ्याङ्कअनुसार आवश्यक सहयोग उपलब्ध गराउने बताउनुभयो ।

त्यस अवसरमा ललितपुर क्षेत्र नं २ को '२' प्रदेशसभा सदस्य एवं संविधानसभा सदस्य रामकृष्ण चित्रकार, नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका सचेतक गोविन्दप्रसाद लम्साललगायत नेपाली कांग्रेसका ललितपुर क्षेत्र नं २ का नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।नेपाली कांग्रेस ललितपुर प्रतिनिधिसभा क्षेत्र नं २ का सभापति महेश खड्काले १० वटै वडा र ललितपुर महानगरको ७, ८, ९ र १७ अत्यन्तै प्रभावित भएको अवगत गराउँदै महालक्ष्मी नगरपालिकालाई बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार विपद्ग्रस्त पालिका घोषणा गर्न छुट हुन गएकोमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो ।

"यस क्षेत्रमा पर्ने कर्मनासा खोला, हनुमन्ते खोला, दुग्रेखोला र गोदावरी खोलाको आसपासका बस्तीहरु जलमग्न भई सबै घरहरुको एकतला पूरै डुबानमा परेको थियो", उहाँले भन्नुभयो, "यहाँका खेती भइरहेका धानखेत, तरकारीबाली तथा खोलाको आसपासमा रहेका गाईगोठ, पशुचौपाया, कुखुरा फर्म समेतमा गरी करोडौँ रकम बराबरको क्षति भएको छ ।

"उहाँले यस विपत्तिबाट भएको समस्याको दीर्घकालीन समाधानका लागि खोला क्षेत्रको व्यवस्थापन, नदी नियन्त्रण एवं खोलाका किनारामा पनि सडक सञ्चालन गर्न अतिआवश्यक भएको बताउनुभयो ।

उहाँले नगरपालिकाको वडा नं २ को भोपोखरीको बोरिङ, १ र ४ को मोरेपाटी खानेपानीको मुहान गोदावरी नगरपालिका-१ को गोदामचौर मुहान पूर्ण रुपमा ध्वस्त भई हजारौँ परिवार खानेपानीबाट प्रभावित भएको जानकारी गराउनुभयो ।रासस

# नवनिर्वाचित राष्ट्रपति प्रबोवो सुबिआन्तोद्वारा पदभार ग्रहण

एएफपी

जकार्ता।इन्डोनेसियाका पूर्वसेनाप्रमुख प्रबोवो सुबिआन्तोले आइतबार देशको राष्ट्रपतिको पदभार ग्रहण गर्नुभएको छ । हालको सरकारको रक्षामन्त्री रहनुभएका सोबिआन्तोले राष्ट्रपति जोको विडोडोको स्थान लिनुहुनेछ ।

फेब्रुअरीमा दुई प्रतिद्वन्द्वीमाथि पहिलो चरणको विजय दाबी गर्नुभएका प्रबोवोले आठ महिनाको सङ्क्रमण अवधिपछि संसद्मा नयाँ नेताको रूपमा आधिकारिक रूपमा शपथ ग्रहण गर्दै दक्षिणपूर्वी एशियाको सबैभन्दा ठूलो अर्थतन्त्रमा उच्च पद जित्नका लागि आफ्नो दशकौँ लामो सङ्घर्षलाई मूर्त रूप दिनुभएको छ। आफ्नो अथाह सम्पत्ति, राष्ट्रवादी उत्साह फैलाउने लोकप्रिय भाषण र प्रभावशाली सेनाप्रमुखका रूपमा बलियो व्यक्तित्व प्रदर्शन गर्दै रक्षामन्त्री राष्ट्रपतिको पद हासिल गर्न सफल हुनुभएको हो।

"अठार वर्षको उमेरमा मैले एउटा प्रतिज्ञामा गरेको थिएँ, म जनता र राष्ट्रका लागि मर्न तयार हुनेछु । मैले आफ्नो प्रतिज्ञा बिर्सिएको छैन", उहाँले चुनावअघि एउटा चुनावी र्‍यालीमा भन्नुभएको थियो । पूर्वसेनाप्रमुख प्रबोवोको राजनीतिक महत्त्वाकांक्षा सन् २००४ मा झल्किएको थियो तर उहाँ आफ्नो पूर्व गोलकर पार्टीको तर्फबाट राष्ट्रपति उम्मेदवारी प्राप्त गर्न असफल हुनुभयो ।




सन् २००९ मा उहाँले पूर्वराष्ट्रपति मेगावती सुकार्नोपुत्रीसँगै उपराष्ट्रपति पदका लागि आफ्नो उम्मेदवारी अगाडि बढाउनुभएको थियो तर असफल हुनुभयो । सुहार्तो शासनको अन्त्यमा नवनिर्वाचित राष्ट्रपतिले प्रजातन्त्रवादी कार्यकर्ताको अपहरणको आदेश दिएको आरोपलाई औंल्याउँदै प्रबोवोले कडा मेहनतले प्राप्त गरेको लोकतान्त्रिक स्वतन्त्रतालाई अधिकार समूहहरूले फिर्ता लिनसक्ने चिन्ता व्यक्त गरेका छन् ।

> सन् २००९ मा उहाँले पूर्वराष्ट्रपति मेगावती सुकार्नोपुत्रीसँगै उपराष्ट्रपति पदका लागि आफ्नो उम्मेदवारी अगाडि बढाउनुभएको थियो तर असफल हुनुभयो ।

कार्यकर्ता अपहरणको आरोपका कारण सन् १९९८ मा प्रबोवोलाई सेनाबाट बर्खास्त गरिएको थियो । संयुक्त राज्य अमेरिकाले वर्षौंसम्म उहाँलाई भिसा दिन अस्वीकार गर्‍यो, तर उहाँले आरोपहरू अस्वीकार गर्नुभयो र उहाँलाई कहिल्यै आरोप लगाइएको थिएन । उक्त घटनापछि उहाँ आफ्नो छवि पुनःस्थापित गर्दै देशको राष्ट्रपति बन्न सफल हुनुभएको छ । "हामी इन्डोनेसियाली जनताका लागि समृद्धि ल्याउन लड्नेछौँ । अघिल्लो राष्ट्रपतिले पहिले नै निर्माण गरिरहेकै कुरालाई हामी निरन्तरता दिनेछौँ", प्रबोवोले चुनावी र्‍यालीमा समर्थकहरूलाई अन्तिम सम्बोधन गर्दै भन्नुभयो । प्रबोवोको जन्म सन् १९५१ मा एक सम्पन्न परिवार भएको थियो। उहाँका बुबाले देशको वित्त तथा व्यापारमन्त्रीको रूपमा सेवा गर्नुभएको थियो भने उहाँको हजुरबुबाले देशको पहिलो राज्यको स्वामित्वमा रहेको बैंक स्थापना गर्नुभएको हो ।

बाल्यकालमा स्विट्जरल्यान्ड र इङ्ल्यान्डमा बसेपछि उहाँ सन् १९७० मा इन्डोनेसिया फर्किएर सेनामा भर्ति हुनुभयो । उहाँले सन् १९८३ मा सुहार्तोकी एउटी छोरी सिती हेदियाती हरियादीसँग विवाह गर्नुभएको थियो तर पछि उहाँहरुबीच सम्बन्धविच्छेद भयो।

सन् १९९७ र १९९८ को बीचमा केही प्रजातन्त्रवादी कार्यकर्ताहरू अपहरण हुँदा प्रबोवोले आन्तरिक अशान्ति कम गर्ने उद्देश्यले विशेष कारबाहीका लागि जकार्ताले प्रयोग गरेको 'कोपासस' भनेर चिनिने कुलीन सेना बलको नेतृत्व गर्नुभयो ।

उक्त घटनामा एक दर्जनभन्दा बढी कार्यकर्ता बेपत्ता भएको र मरेको आशङ्का गरिएको छ भने साक्षीहरूले उहाँको सैन्य एकाइलाई पूर्वी टिमोरमा अत्याचार गरेको आरोप लगाएका छन् । अपहरणको आरोपमा उहाँलाई सन् १९९८ मा सेनाबाट बर्खास्त गरिएको थियो तर उहाँमाथि कहिल्यै अभियोग लगाइएको थिएन र जोर्डनमा स्वैच्छिक निर्वासनमा रहनुभएको थियो । निर्वासनबाट फर्किएपछि उहाँले राजनीतिमा प्रवेश गर्नुअघि पाम तेल र ऊर्जामा चासो लिएर व्यावसायिक जीवन सुरु गर्नुभयो।

इन्डोनेसियाको सहयोगी संयुक्त राज्य अमेरिकाले एकपटक उहाँको अधिकार रेकर्डका कारण भिसा अस्वीकार गरेको थियो र उहाँलाई सन् २०१४ को चुनावअघि अस्ट्रेलियाको भिसा कालोसूचीमा पनि समावेश गरिएको थियो ।

तर त्यसपश्चात उहाँलाई वासिङ्टन र क्यानबेराको भ्रमण गर्न अनुमति दिइएको छ र बदलामा उहाँले आफ्ना अमेरिकी र अस्ट्रेलियाली समकक्षीहरूलाई आतिथ्यता प्रदान गर्नुभएको छ।

# नेपाललाई टी-२० शृंखलाको उपाधि, सुपर ओभरमा अमेरिका पराजित




काठमाण्डु । नेपालले घरेलु टोली अमेरिकाविरुद्धको तीन खेलको टी-२० शृंखलाको उपाधि जितेको छ । अमेरिकको डलासमा आज सम्पन्न खेलमा नेपालले अमेरिकालाई सुपर ओभरमा पराजित गर्दै एक खेलअगावै उपाधि जितेको हो ।

जितसँगै नेपालले शृंखलामा २-० को अग्रता बनाएको छ । यसअघि भएको पहिलो खेलमा नेपालले घरेलु टोली अमेरिकामाथि १७ रनको जीत हासिल गरेको थियो ।

नेपालले अमेरिकालाई जीतका लागि एक सय ७१ रनको लक्ष्य दिएको थियो । लक्ष्य पछ्याएको अमेरिकाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ७० रन बनाएयो । त्यसपछि खेल सुपर ओभरमा पुगेको हो ।

सुपर ओभरमा पहिले ब्याटिङ गरेको अमेरिकाले दुई विकेट गुमाएर जम्मा २ रन मात्र बनाउन सक्यो । सोमपाल कामीले उत्कृष्ट बलिङ गर्दै सुपर ओभरमा २ विकेट लिए । त्यसपछि नेपालका कप्तान रोहितकुमार पौडेल र कुशल भुर्तेलले तीन रन बनाउँदै सुपर ओभरमार्फत नेपाललाई जीत दिलाए ।

खेलमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा एक सय ७० रन बनाएको थियो । नेपालका लागि कुशल भुर्तेलले अविजित रहँदै सर्वाधिक ९२ रन बनाएका थिए । उनी प्लेअर अफ दि म्याचसमेत बने । त्यस्तै अनिलकुमार शाहले २५, गुल्शन झाले १७ तथा कप्तान रोहितकुमार पौडेलले १८ रनको योगदान गरे ।

अमेरिकाका जसदीप सिंह र नोस्थुस केन्जिगेले समान दुई-दुई विकेट लिए भने सौरभ नेत्राभाल्करले एक विकेट हात पारेका थिए । अमेरिकाका लागि आन्द्रे गौसले ६२ रन बनाए भने साइटेजा मुक्कामल्लले ४७ रनको योगदान गरे । नेपालका लागि करण केसीले सर्वाधिक तीन विकेट हात पारे ।

त्यस्तै सोमपाल कामीले दुई तथा सागर ढकाल र दीपेन्द्रसिंह ऐरीले समान एक/एक विकेट लिएका । नेपालले अमेरिकाविरुद्धको तेस्रो तथा अन्तिम खेल मङ्गबलार खेल्नेछ ।रासस

# भारतीय एयरलाइन्सलाई बमको धम्कीले अराजकता बढाउँदै

एएफपी

नयाँदिल्ली । भारतीय एयरलाइन्सहरूद्वारा सञ्चालित उडानहरूलाई ७० भन्दा बढी झुटो बमको धम्की दिइएको र यसले यात्रुहरूमा त्रास फैलाउनुका साथै विश्वव्यापी उडानमा ढिलाइ निम्त्याएको भारतीय सञ्चारमाध्यमहरूले आइतबार बताएका छन् ।



सबै उडान सुरक्षित अवतरण भए पनि धम्कीहरूको यस शृङ्खलाले विमानहरूलाई क्यानाडा र जर्मनीमा मोड्न तथा बेलायत र सिङ्गापुरको आकाशमाथि लडाकू जेटहरूलाई विमान एस्कर्ट गर्न लगाउनुपरेको छ । भारत सरकार र नागरिक उड्डयन अधिकारीहरूले 'अत्यन्त कडा कारबाही' गरिने चेतावनी दिएका छन् ।

नयाँदिल्लीको नागरिक उड्डयन अधिकारीहरूले गत साता कति धम्की प्राप्त भए भन्नेबारे नखुलाए पनि टाइम्स अफ इन्डिया र न्युज१८ प्रसारकले अक्टोबर १३ देखि आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानलाई लक्षित गरी ७० भन्दा धेरै झुटो धम्की दिइएको बताएका छन् ।

शनिबार मात्र कम्तीमा ३० वटा झुटो धम्की दिइएको थियो । उडानमा ढिलाइ र मोडाइको विश्वव्यापी प्रभाव एयरलाइन्स तालिका र लागतमा धेरै परेको छ । भारतमा कम्तीमा एक जना नाबालक पक्राउ परेका छन् । यद्यपि धम्कीहरू जारी छन् । बुधबार पक्राउ परेपछि भारतका नागरिक उड्डयनमन्त्री राममोहन नायडूले भन्नुभयो, "अवरोध सिर्जना गर्ने अन्य सबै जिम्मेबार व्यक्तिको पहिचान गरिनेछ र विधिवत् मुद्दा चलाइनेछ ।"

शुक्रबार र शनिबार कम्तीमा ४० उडानलाई बमको धम्की पोस्ट गरेपछि सामाजिक सञ्जाल एक्समा एक बेनामी खाता निलम्बन गरिएको द इन्डियन एक्सप्रेसको एक रिपोर्टले बताएको छ । यसमा संयुक्त राज्य अमेरिका र न्युजिल्यान्डका समेत गरी भारतीय र अन्तर्राष्ट्रिय एयरलाइन्स दुवै समावेश थिए।इन्डियन एक्सप्रेसका अनुसार निलम्बित खाताबाट पठाइएका समान सन्देशहरूमा लेखिएको थियो, "बोर्डमा बमहरू राखिएका छन्... कोही पनि जीवित बाँच्ने छैन । हतार गर्नुहोस् र विमान खाली गर्नुहोस् ।"

हालै प्रभावित उडानहरूमध्ये शनिबार सुरक्षित अवतरणपछि अमेरिकी सुरक्षा अधिकारीहरूले मुम्बईबाट न्युयोर्कको एयर इन्डिया उडानको जाँच गरेका थिए ।प्रभावित अन्य उडानहरूमा नयाँदिल्लीबाट शिकागो जाने एयर इन्डिया विमान थियो ।

उक्त विमान मङ्गलबार क्यानाडाको सुदूर उत्तरी शहर इक्वालुइटमा आपत्कालीन अवतरण गर्न बाध्य भएको थियो । क्यानाडाको वायुसेनाले यात्रुहरूलाई उडान गराउनुपरेको थियो ।

सोही दिन सिङ्गापुरले एयर इन्डिया एक्सप्रेस विमानलाई एस्कर्ट गर्न लडाकू जेटहरू खटाएको थियो । बिहीबार विमानविरुद्ध धम्की दिइएपछि बेलायती आरएएफ लडाकू जेटहरूले एयर इन्डिया बोइङ ७७७-३०० लाई एस्कर्ट गरेपछि लन्डनमा सुरक्षित अवतरण भएको थियो । शुक्रबार नयाँदिल्लीबाट लन्डन जाने भिस्तारा उडान जर्मनीको फ्रेङ्कफर्टमा मोड्नु परेको थियो ।

# ६० वर्षकी ह्यारिसलाई ट्रम्पको उमेरबारे कुरा गर्न रुचि

एएफपी

अटलान्टा । अमेरिकी इतिहासमा सबैभन्दा वृद्ध राष्ट्रपति उम्मेदवार बन्नुभएका ७८ वर्षीय डोनाल्ड ट्रम्पसँगको कडा चुनावी प्रतिस्पर्धाको अन्तिम चरणमा कमला ह्यारिस आइतबार ६० वर्ष पुग्दै हुनुहुन्छ ।

उमेर पनि एउटा महत्त्वपूर्ण कारक बनेको छ । वृद्ध उमेरकै कारण निर्वाचन अभियानमा राष्ट्रपति जो बाइडेनले आफ्नो क्षमताप्रतिको चिन्ताले चुनावी दौड परित्याग गर्नुभयो । त्यसपछि ह्यारिसले ह्वाइट हाउसका लागि ट्रम्पको मानसिक स्वस्थतामाथि लगातार निशाना साँध्नुभएको छ ।मतदान हुने दिनभन्दा मात्र दुई साताअघि डेमोक्रेटिक उपराष्ट्रपति र रिपब्लिकन अर्बपति कडा दौडमा हुनुहुन्छ । सर्वेक्षणहरूले प्रभावकारी रूपमा दुवै जना बराबरीमा रहेको सङ्केत गरेका छन् ।

दुवै उम्मेदवार आइतबार फेरि पेन्सिल्भेनियामा हुनुहुनेछ । पेन्सिल्भेनियालाई नोभेम्बर ५ को परिणाम निर्णय गर्ने अपेक्षा गरिएका सात प्रमुख राज्यमध्ये जित्नै पर्ने युद्धभूमि मानिन्छ ट्रम्पविरुद्धको विनाशकारी बहसले डेमोक्रेटिक पार्टीमा आफ्नो मानसिक तीक्ष्णताबारे चिन्ता उठाएपछि बाइडेनले ह्यारिसलाई उम्मेद्वारी हस्तान्तरण गर्नुभयो ।

तर सर्वेक्षणहरूले कडा प्रतिस्पर्धा हुने देखाएकाले ट्रम्पको उमेर मतदाताहरूका लागि सम्झौताको विषय नभएको देखिएको छ ।

"अहिले उहाँ थकानका कारण बहसहरूबाट भाग्दै हुनुहुन्छ र अन्तर्वार्ताहरू रद्द गर्दै हुनुहुन्छ",



ह्यारिसले शनिबार अटलान्टामा एक र्‍यालीमा ट्रम्पको भद्दा र स्क्रिप्टबाहिरका भाषणहरूप्रति व्यङ्ग्य गर्दै भन्नुभयो, "उहाँले यसलाई 'बुनाइ' भन्नुभएको छ, तर हामी यहाँ यसलाई बकवास भन्नेछौँ ।" ह्यारिसले अक्टोबर १२ मा ट्रम्पको ' उत्कष्ट स्वास्थ्य' को वर्णन गरिएको रिपोर्टका साथ ट्रम्पलाई उक्साउने प्रयास गर्नुभएको थियो । तर पूर्वराष्ट्रपतिको अभियानले उहाँ पनि 'कमान्डर-इन-चिफ हुन पूर्ण र उत्कृष्ट स्वास्थ्यमा रहेको' उल्लेख गरेको थियो ।ह्वाइट हाउसका लागि दोस्रो कार्यकालको प्रतिस्पर्धा गरिरहनुभएका ट्रम्पले शनिबार पेन्सिल्भेनियामा लामो भाषण दिएर ह्यारिसका आरोपहरूको जवाफ दिनुभएको थियो । एक दिनअघि उहाँले ह्यारिससँग 'खरायोको जस्तो ऊर्जा छैन' भन्नुभएको थियो ।दुवै उम्मेदवारले आफ्ना प्रतिनिधिहरूसँगै आफ्ना अन्तिम अभियानका दिनहरू महत्त्वपूर्ण युद्धभूमि राज्यहरूमा बिताइरहनुभएको छ ।जित्नैपर्ने राज्यमा शृङ्खलाबद्ध कार्यक्रमहरू आयोजना गर्दै टेस्ला र स्पेसएक्सका मालिक एलन मस्कले व्यक्तिगत रूपमा पेन्सिल्भेनियामा अभियान चलाइरहनुभएको छ ।

दक्षिणपूर्वी शहर ह्यारिसबर्गमा उहाँले आफ्नो सङ्गठनको याचिकामा हस्ताक्षर गरेका राज्यका मतदाताहरूलाई नोभेम्बर ५ सम्म प्रत्येक दिन अनियमित रूपमा १० लाख डलर पुरस्कार वितरण सुरु गर्ने घोषणा गर्नुभयो । ह्यारिसले पप स्टारहरू लिज्जो र अशरलाई मतदाताहरूसँग आफ्नो मामला प्रस्तुत गर्न प्रतिनिधिका रूपमा खटाउनुभएको छ ।

लिज्जोले डेट्रोइट र्‍यालीमा आफ्नै हिट गीतको सन्दर्भ दिएर 'यो बारेमा धेरै समय भयो !' गाउँदै अमेरिका आफ्नो पहिलो महिला राष्ट्रपतिका लागि पूर्ण रूपमा तयार छ भन्नुभएपछि तालीको गडगडाहट बटुल्नुभयो । अटलान्टाका प्रमुख कलाकारहरूमध्ये एक अशरले त्यहाँका मतदाताहरूलाई भन्नुभयो, "ह्यारिसको अभियानलाई जर्जियामा अन्तिम रेखासम्म पुऱ्याउन म तपाईंहरूमाथि भर परिरहेको छु ।"

# क्रान्तिपछिका विरोधहरूले बङ्गलादेशको पोशाक उद्योगलाई ४० करोड डलर घाटा

एएफपी

ढाका । उद्योग नेताहरूले आइतबार भने कि मुलुकको निरङ्कुश प्रधानमन्त्रीलाई हटाएको विद्यार्थी नेतृत्वको क्रान्तिपछिको अशान्तिका कारण बङ्गलादेशको महत्त्वपूर्ण पोशाक उद्योगले ४४० करोड डलर गुमाएको उद्योग नेताहरूले आइतबार बताएका छन् । उनीहरूले अहिले स्थिति 'स्थिर' भएकोमा जोड दिए । मुलुकका तीन हजार पाँच सय पोशाक कारखानाले वार्षिक ५५ अरब डलर निर्यातको लगभग ८५ प्रतिशत हिस्सा ओगट्छन् तर अशान्तिले यस मुख्य उद्योगमा उल्लेखनीय अवरोध पुऱ्यायो ।महिनौँको घातक विरोधपछि पूर्वप्रधानमन्त्री शेख हसिना अगस्ट ५ मा हेलिकोप्टरबाट छिमेकी भारततर्फ भाग्नुभयो ।नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा एक अन्तरिम सरकारले पदभार सम्हाले पनि कामदारहरूले रोजगारी र राम्रो तलबको माग गर्दै पोशाक कारखानाहरूमा विरोध जारी राखे ।



यस्ता प्रदर्शनहरू कहिलेकाहीँ हिंसामा परिणत हुन्थे । सेप्टेम्बर ३० मा प्रदर्शनकारी र प्रहरीबीचको झडपमा एक पोशाक कामदारको मृत्यु भयो र २० जना घाइते भए ।बङ्गलादेश गार्मेन्ट्स एन्ड इन्डस्ट्रियल वर्कर्स फेडेरेशनकी अध्यक्ष कल्पना अख्तरले आइतबार कारखाना मालिकहरू र सरकारको 'दृष्टिकोणमा आमूल परिवर्तन' हुनुपर्ने बताउनुभयो ।"कामदारहरू सडकमा उत्रिँदा मात्र तलब वृद्धिको बारेमा छलफल हुन्छ", अख्तरले भन्नुभयो, "यस क्षेत्रमा स्थिरता सुनिश्चित गर्न परिवर्तनहरू आवश्यक छन्, अन्यथा, शान्त स्थिति धेरै समय नरहन सक्छ ।"

बङ्गलादेश मूल्यका आधारमा चीनपछि विश्वको दोस्रो सबैभन्दा ठूलो कपडा निर्यातकर्ता मुलुक हो र यस मुलुकले लिभाइस, जारा र एच एण्ड एम जस्ता विश्वका धेरै शीर्ष ब्रान्डहरूलाई आपूर्ति गर्छ ।बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसनका अध्यक्ष खन्दकर रफिकुल इस्लामले भन्नुभयो, "एउटा चुनौतीपूर्ण अवधिबाट गुज्रिएपछि उद्योग हाल स्थिर छ ।"

शनिबार पत्रकारहरूसँग उहाँले अगस्टदेखिको कूल घाटा करिब ४० करोड डलर रहेको अनुमान गर्दै सुरक्षा बलहरूले उद्योगको संरक्षण जारी राख्नु आवश्यक रहेको बताउनुभयो ।"सेनाले कारखानाहरूको सुरक्षाका लागि कार्यदल गठन गरेको छ र उनीहरूले पोशाक केन्द्रहरूमा सुरक्षा सुनिश्चित गर्न नियमित गस्ती गरिरहेका छन्", उहाँले भन्नुभयो, "खरीदकर्ताहरूले बङ्गलादेशी पोशाकमा आफ्नो विश्वास पुनः प्राप्त गरेका छन्, तर स्थिरता कायम राख्न निरन्तर कानून र व्यवस्था आवश्यक छ ।"

# खाली गर्नें चेतावनीपछि बेरुतमा इजरायली आक्रमण

एएफपी

बेरुत । इजरायली सेनाले लेबनानको हिजबुल्लाह आन्दोलनको गढ खाली गर्न नागरिकहरूलाई चेतावनी दिएपछि आइतबार दुई इजरायली हवाई आक्रमणले दक्षिण बेरुतलाई लक्षित गरेको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आफ्नो निवासमा आक्रमण गरेर आफ्नो हत्या गर्ने प्रयास गरेको इरान-समर्थित हिजबुल्लाह आन्दोलनमाथि आरोप लगाउनुभएपछि यी आक्रमण भएका हुन् ।राष्ट्रिय समाचार एजेन्सीले भनेको छ, "शत्रु (इजरायली) विमानहरूले आज बिहान हारेत ह्रेइकमा एक मस्जिद र अस्पताल नजिकै एक आवासीय भवनलाई निशाना बनाउँदै बेरुतको दक्षिणी उपनगरहरूमा दुई वटा आक्रमण गरे ।"इजरायली सेनाले यसअघि नै छिमेकमा हिजबुल्लाहसँग सम्बद्ध भनिएका भवनहरू नजिक बस्ने नागरिकहरूलाई तुरुन्तै खाली गर्न 'जरुरी चेतावनी' जारी गरेको थियो ।

सेनाका अरबी प्रवक्ता अभिचय अद्राईले टेलिग्राममा भन्नुभएको थियो, "तपाईं हिजबुल्लाहसँग सम्बद्ध सुविधा र हितहरू नजिक हुनुहुन्छ, हिजबुल्लाहविरुद्ध आइडीएफ (इजरायली सेना) ले निकट भविष्यमा कारबाही गर्नेछ ।"केन्द्रीय शहर कैसरियामा प्रधानमन्त्रीको निवासतर्फ एउटा ड्रोन प्रक्षेपण गरिएको तर प्रधानमन्त्री नेतान्याहू र उहाँकी पत्नी घरमा नभएकाले कोही पनि घाइते नभएको नेतान्याहूको कार्यालयले शनिबार बताएको थियो ।

# अमेरिकाले इजरायली गोप्य योजना चुहावटको अनुसन्धान गर्ने

एएनआई

वासिङ्टन । अमेरिकाले इरानविरुद्ध सम्भावित जवाबी आक्रमणको लागि इजरायलको उच्च वर्गीकृत गोप्य योजना चुहावटबारे अनुसन्धान गरिरहेको परिस्थितिसँग परिचित तीन जना व्यक्तिबाट प्राप्त जानकारी अनुसार सिएनएनले जनाएको छ।

यी स्रोतहरू मध्ये एकले उक्त दस्तावेजको प्रामाणिकतालाई पुष्टि गरेको छ ।

एक अमेरिकी अधिकारीले उक्त गोप्य सुचना चुहावटलाई गम्भिर चिन्ताको विषयको रुपमा वर्णन गर्नुभएको अमेरिकी समाचार माध्यमले जनाएको छ ।

टेलिग्राममा "मिडल इस्ट स्पेक्टेटर" नामक खाताद्वारा पोस्ट गरिसकेपछि अक्टोबर १५ र १६ का कागजातहरू शुक्रबार अनलाइन प्रसारित हुन थाले। अत्यन्तै गोप्य रूपमा चिह्नित उक्त कागजात केवल अमेरिका र यसको "फाइभ आइज" साझेदारः अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्ड र संयुक्त राज्यका लागि लक्षित थिए ।

यी कागजातले इरानविरुद्ध सैन्य आक्रमणका लागि इजरायलको स्पष्ट तयारीको रूपरेखा प्रस्तुत गर्दछ । 'नेसनल जियोस्पाटियल-इन्टेलिजेन्स' विभागबाट प्राप्त एउटा दस्तावेजले यी तयारीको एक हिस्साको रूपमा इजरायलले हतियारबारे विवरण दिएको छ ।

# ग्लोबल आइएमई बैंक र अष्ट्रियाको युनिभर्सिटी अफइन्ज्ब्रकबीच प्रोजेक्टमा सहकार्य समझदारी सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक र अष्ट्रियाको युनिभर्सिटी अफ इन्ज्ब्रकबीच स्वीच एसिया ग्रान्ट प्रोग्राम अन्तर्गत युरोपियन युनियनको




आर्थिक सहयोगमा विल्डीङ एनर्जी इफिसिएन्सी इन नेपाल प्रोजेक्ट अन्तर्गत दिगो आवास भवन निर्माणका लागी ऊर्जा कुशल प्रविधी तथा अभ्यासहरु प्रवर्धनको लागि समझदारी सम्पन्न भएको छ।

उक्त समझदारीमा बैंकका ग्रीन एण्ड सस्टेनेबल बैंकिङ्ग प्रमुख असिम कर्माचार्य र युनिभर्सिटी अफइन्ज्ब्रक, अष्ट्रियाको प्रतिनिधी तथा विन प्रोजेक्ट प्रमुख डा. ड्यानियल नेयरले हस्ताक्षर गर्नुभएको छ।

ग्लोबल आइमई बैंकले दिगो आवास प्रवर्द्धन गर्न ँग्रीनहोम लोनविशेष कर्जा योजनालागु गर्दै आएको छ। बैंककाअनुसार, यस समझदारीले प्राविधिकक्षमताको अभिवृद्धिगर्न र दिगो तथा ऊर्जा कुशल भवनहरूको प्रवर्धन गर्न सहयोग पुऱ्याउनेछ।


आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकका७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्र रहेका छन।

ग्लोबल आइएमई बैंक, सबै का लागि बैंकिङ्ग सेवाप्रदान गर्ने बैंक हो जसले विभिन्न सेवातथा सुविधा सहितका योजना मार्फत आफ्ना समस्त ग्राहकलाई उत्कृष्ट सेवा प्रदानगर्दै आइरहेको छ।

# माटोका भाँडा बनाउन भ्याइनभ्याई



इनरुवा । इनरुवा नगरपालिका-२ का २५ वर्षीय विनोद पण्डित बिहानै माटो मुछ्न थाल्नुहुन्छ। उहाँ दिनभर भाँडा बनाउने काममा व्यस्त रहनुहुन्छ। तिहार र छठपर्वलाई लक्षित गरेर पण्डितले माटोका भाँडा बनाउन थाल्नुभएको हो।

पण्डितको उद्देश्य चाडपर्वका बेला सबै लाई माटोका भाँडा सहज रूपमा पुर्याउने रहेको छ । सदरमुकाम इनरुवा, लौकही, हरिपुरलगायत स्थानमा रहेका कुम्भकार चाडपर्वलाई लक्षित गरेर माटोको भाँडा बनाउने काममा व्यस्त बनेका छन् । स्थानीय दरपी पण्डितका अनुसार कुम्भकार समुदाय तिहार र छठपर्वलाई लक्षित गरी माटोको घैला, दियो, धुपदानी, कलशलगायतका भाँडाकुँडा बनाउने काममा व्यस्त छ।

भाँडा बनाउन काँचो कुमाले माटोको प्रयोग हुने गरेकाले दुई हप्ता अगाडिदेखि नै उनीहरुले माटोको जाहो गर्ने गरेका छन् । एक महिना अगाडिसम्म विभिन्न सस्याका कारण माटो ल्याउन नसक्दा भाँडा बनाउन ढिला भएकाले अहिलेदेखि नै भाँडा बनाउने काममा लागेको स्थानीय बचिया पण्डितले बताउनुभयो। "नजिक माटो पाइँदैन, टाढाबाट प्रतिट्र्याक्टर रु १० हजारदेखि रु २० हजारसम्ममा माटो खरिद गरी ल्याउनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो।

तिहार र छठपर्वमा दियो, चौमुखे दियो, कलशलगायत सामग्रीको अत्यधिक माग हुने भएकाले त्यसलाई लक्षित गरेर माटोका भाँडा बनाउने काममा लागेको पण्डितको भनाइ छ। चाडपर्वका बेलामा एउटा परिवारले रु एक लाखदेखि रु पाँच लाखसम्म माटोको दियो बनाएर बिक्री गर्ने गरेका छन् । चाडपर्वका बेलामा एउटा परिवारले माटोको भाँडाबाट रु ५० हजारदेखि रु दुई लाखसम्म आम्दनी गर्ने गरेको बेचनीदेवी पण्डितले बताउनुभयो। आफूहरूले बनाउने माटोको भाँडा बिक्री गर्न सुनसरी सदरमुकाम इनरुवासहित इटहरी, धरान, धनकुटा, झापालगायत ठाउँसम्म जाने गरेको बेचनीले बताउनुभयो । कुम्भकार समुदायका अधिकांश व्यक्तिको रोजीरोटी माटोका भाँडाकुँडा बनाउने रहेको छ ।रासस

## नेप्से परिसूचक ४७ दशमलव ४४ अङ्कले घट्दा आठ अर्बभन्दा बढीको कारोबार

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार एक दशमलव ७२ प्रतिशत अर्थात् ४७ दशमलव ४४ अङ्कले घटेर दुई हजार छ सय ९१ दशमलव ९१ अङ्कमा झरेको छ।

नेप्सेका अनुसार आइतबार विभिन्न कम्पनीका दुई करोड आठ लाख ६८ हजार नौ सय १९ कित्ता सेयर रु आठ अर्ब १८ करोड दुई लाख ६२ हजार पाँच सय ७२ दशमलव १२ मा कारोबार भएका छन् ।आइतबारको कारोबारमा म्युचुअल फण्डबाहेकका सबै उपसमूहको सूचकमा रातो देखिएको छ भने म्युचुअल फण्डको सूचक स्थिर छ। नेप्सेका अनुसार कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

आइतबार कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको १० प्रतिशत, नगादी ग्रुप पावर लिमिटेडको नौ दशमलव ८९ प्रतिशत, हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँच दशमलव ९१ प्रतिशतले शेयर मूल्य बढेको छ। साथै इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशत, गुडविल फाइनान्स लिमिटेडको आठ दशमलव ४१ प्रतिशत, एनआइसी एसिया ऋणपत्र २०८२/८३ को पाँच दशमलव ८३ प्रतिशतले शेयर मूल्य ओरालो लागेको छ ।रासस

# ग्यालेक्सी एस २४ एफईको साथ सामसङले पुऱ्यायो ग्यालेक्सी एआईको प्रिमियम अनुभव अझ बढी प्रयोगकर्ताहरूको हातमा

**टुडे समाचारदाता**

काठमाण्डु। सामसङ नेपालले ग्यालेक्सी एआई इकोसिस्टमको नयाँ सदस्य, ग्यालेक्सी एस२४ एफईको लन्च गरेको छ, जुनद्वारा अझै धेरै प्रयोगकर्ताहरूले प्रिमियम मोबाइल अनुभवहरू प्राप्त गर्ने छन्।



एआई-आधारित प्रोभिजुअल इन्जिन र ग्यालेक्सी एआईको फोटो असिस्टको प्रयोगद्वारा ग्यालेक्सी एस२४ एफईले प्रयोगकर्ताहरूलाई आफ्नो रचनात्मकतालाई प्रदर्शन गर्ने क्षमता दिन्छ। ६.७इन्चको डायनामिक एमोलेड २ह डिस्प्ले, लामो समयसम्मचल्ने ४७००एमएएच ब्याट्री, र शक्तिशाली एक्सिनो २४००इ सिरिज चिपसेटको साथमा यो गेमिङकालागि एक उत्तम उपकरण बनेको छ। ग्यालेक्सी एस२४ एफईले प्रिमियमग्यालेक्सी एआई र इकोसिस्टम कनेक्तिभितीप्रदान गरी सञ्चार, उत्पादकता र रचनात्मकता बढाउँछ - जुन सबै एक प्रतिष्ठित डिजाइनमा र शक्तिशाली सामसङ नोक्सको सुरक्षाको साथ आउँछ।

दृश्य गुणस्तरलाई अविश्वसनीय उचाइहरूमा लग्नको लागि सामसङको डायनामिक एआई-संचालित क्यामेरा इन्जिन, प्रोभिजुअल इन्जिनले क्यामेरा सिस्टमको क्षमताहरू अझ धेरै बढाएको छ।

एफई सिरिजमा पहिलो पटक आएको प्रोभिजुअल इन्जिनले धेरै सुधारिएको टेक्नोलोजीको सुविधा दिन्छ जसले आश्चर्यजनक विवरण र उल्लेखनीय रूपमा सुक्ष्म बनावटहरू प्रदानगर्न उन्नतएआई एल्गोरिदमहरूको लाभ उठाउँछ।

एआई छवि सङ्केत प्रशोधन को साथ नाइटग्राफीले कम प्रकाश प्रदर्शनमा सुधार गर्न, सुन्दर नाइट पोर्ट्रेटहरू लिने क्षमता दिन्छ

अप्टिकल ३हजुमको अतिरिक्त २ह बाट जुम स्तरहरूमा अप्टिकल-गुणस्तरको पर्फर्मेन्स दिन वाइड क्यामेराको ५०एमपी एडप्टिभ पिक्सेल सेन्सरसँग काम गर्दछ। एआईजुमले डिजिटल जुमलम्बाइहरू बिचको दूरीमा परिष्कृत छवि गुणस्तर पनि प्रदान गर्दछ।

एडित गर्न पर्दा, फोटो असिस्ट सुविधाको सोचहरूलाई जीवन्त बनाई दिन्छ। ग्यालेक्सी एस२४ सिरिजका डिभाइसहरूसँग यसको परिचय भएदेखि, ग्यालेक्सी एआई इमेजहरू एडित गर्न र रचनात्मकता व्यक्तगर्नको लागि अमूल्य भएको छ।

# तनहुँ जलविद्युत् आयोजनाको आधा काम सकियो

दमौली । निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको ५८ दशमलव एक प्रतिशत प्रगति भएको छ । तीन 'प्याकेज'मा काम जारी छभने ५२ दशमलव शून्य सात प्रतिशत काम पूरा भएको छ।

आयोजना २०८३ असारभित्र सम्पन्न गर्ने लक्ष्य छ । प्याकेज-१ अन्तर्गत बाँध निर्माण जारी छभने सुरुङ, विद्युत्गृह निर्माणका साथै हाइड्रोमेकालिन



प्रतिशत वित्तीय प्रगति भएको छ।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार प्याकेज-१ अन्तर्गत बाँधलगायत संरचना निर्माणमा ३५ प्रतिशत प्रगति भएको छ । प्याकेज-२ अन्तर्गत विद्युत्गृह निर्माणमा ५९ प्रतिशत प्रगति भएको छ । प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणमा ७३ दशमलव पाँच तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को काम पनि भइरहेको छ। प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण भारतको केइसी इन्टरनेशनलले गरिरहेको छ ।रासस

# मकै बेचेर जीवन निर्वाह

धरानाइटहरीउपमहानगरपालिका-६ काफुलमति राजवंशीको दैनिकी मकै पोलेर बित्ने गरेको छ । दिनभर अरुको मजदुरी गर्नुभन्दा मकै पोलेर बिक्री गर्दा मनग्य आम्दानी हुने गरेको उहाँले बताउनुभयो । राजवंशी मोरङ र झापाको विभिन्न ठाउँबाट मकैबारी नै ठेक्का हालेर खरिद गरेर ल्याई बिक्री गर्ने गरेको बताउनुहुन्छ।



दिनभर इटहरीस्थित राधा कृष्ण मन्दिर नजिकैको सडकपेटीमा मकै पोल्दै बेच्नमा राजवंशी व्यस्त देखिनुहुन्छ । उहाँले पोलेको सानो मकै घोगा रु २० र ठूलो मकै रु ४० सम्ममा बिक्री गर्दै आउनुभएको छ।

उहाँले भन्नुभयो, "विगत २० वर्षदेखि मकै पोलेर बेच्दै आएकी छु, बाँकी अरु केही गरेर खानलाई सीप छैन, त्यत्ति धेरै पढ्न पनि सकिएन आफ्नै खेतीपाती गर्न जग्गा छैन, यसरी नै अरुको बारीबाट मकै खरिद गर्दै बेच्ने गरेकी छु ।" दिनमा मकै बेचेर रु एक हजार पाँच सयदेखि रु दुई हजारसम्म कमाई हुने गरेको राजवंशीले बताउनुभयो । "महिनामा रु ३० हजारदेखि रु ४० हजारसम्म कमाई हुन्छ", उहाँले भन्नुभयो।

इटहरी-२ की पार्वती चौधरी तीन वर्षदेखि मकै पोलेर बिक्री गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "बेमौसममा भने काचो मकै खरिद गर्न अलिक समस्या पर्छ, बारीमै ठेक्का हान्न सकियो भने धेरै नाफा हुन्छ। तर म ठेक्का हाल्दिनँ, घोगाकै हिसाबले खरिद गरेर बिक्री गर्ने गरेकी छु।"

मकै प्रतिघोगा रु १० देखि रु १५ मा खरिद गरेर रु २० देखि रु ३५ सम्ममा बिक्री गर्ने गरेको चौधरीले बताउनुभयो।

फुर्सदको समयमा उहाँले बिहान जङ्गल गएर दाउरा सङ्कलन गरेर ल्याई बिक्री गर्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "बिहान दाउरा खोज्न जान्छु, जङ्गलबाट दाउरा खोजेर ल्याएर बिक्री गर्छु । बिहानभर दाउरा खोज्छु, दिउँसोदेखि साँझसम्म मकै पोलेर बेच्ने गर्छु। महिनामा रु ३० हजारदेखि रु ४० हजारसम्म कमाइ हुन्छ, यसैबाट घरखर्च चलाउने गरेकी छु।"

इटहरी-६ की सङ्गीता मण्डलले पनि दिदीले मकै बेच्ने गरेको देखेर आफूले पनि बेच्न सुरु गरेको बताउनुभयो । उहाँले दिनभर इटहरीका मुख्य बजार छेउको गल्लीमा मकै पोलेर राम्रै आम्दानी गरिरहनुभएको छ । मण्डलले भन्नुभयो, "अरु व्यापार गर्नुभन्दा यही राम्रो र सहज छ।" महिनामा रु २० हजारसम्म पोलेको मकै बेचेर आम्दानी गर्ने गरेको उहाँले बताउनुभयो। इटहरी बजारको विभिन्न ठाउँ र गल्लीमा बसेर मकै पोलेर जीविका निर्वाह गर्नेहरु धेरै भेटिन्छन्।

पुरुषभन्दा मकै पोलेर बिक्री गर्ने महिला बढी छन् । उनीहरुको घर व्यवहार मकै बेचेको आम्दानीले चल्ने गरेको छ ।रासस

# खसीबोका बेचेर आत्मनिर्भर बन्दै तङ्ग्रामका महिला

ढोरपाटन । काठेखोला गाउँपालिका-४ तङ्ग्रामका महिला खसीबोका बेचेर आत्मनिर्भर बन्दै गएका छन् । सप्तरङ्गी सामाजिक उद्यमी महिला सहकारी र वसन्त सहकारीमार्फत यहाँका महिलाले खसीबोका पाल्ने र बच्दै व्यवसाय गर्दै आएका हुन् ।

महिला समूह स्थापना गरी सोही सहकारीमार्फत महिलाले वार्षिक करिब रु चार करोड गाउँ भित्राउँदै आएका छन् । पछिल्लो समय युवा शिक्षा तथा रोजगारीका लागि विदेश जान थालेपछि गाउँ रित्तिन थालेको थियो। यहाँका महिला एकताबद्ध भएर बाख्रापालनमा व्यवसायमा लागेका हुन्।

महिलाले उत्पादन गर्ने खसीबोका सहकारीले बिक्री गर्ने गरेको सप्तरङ्गी सामाजिक उद्यमीका प्रबन्धक मनु पुनले बताउनुभयो। सप्तरङ्गी सहकारीले वार्षिक रु दुई करोड र वसन्त सहकारीले रु एक करोड ९० लाख बढीको खसीबोका बिक्री गर्दै आएका छन् । महिलालाई उद्यमसँग जोड्नका लागि स्थापना भएको सप्तरङ्गी सहकारीमा तीन सय ८० र वसन्त सहकारीमा पाँच सय ६४ जना महिला आबद्ध छन् ।



सप्तरङ्गी सहकारीले यस वर्षको दसैँमा पाँच सय खसीबोका बिक्री गर्न तयार गरेकामा करिब एक सय बिक्री भएको संस्थाका प्रबन्धक पुनले जानकारी दिनुभयो। अघिल्लो वर्षको तुलनामा यसवर्ष खसीबोकाको माग कम भएकाले बिक्री गर्न नसकिएको उहाँले बताउनुभयो।

"गत वर्षको दसैँका बेला पाँच सय बढी खसीबोका बिक्री भएको थियो, यसवर्ष धेरै बिक्री गर्न सकिएन, सहकारीमार्फत प्रत्येक महिना महिलाले उत्पादन गरेका ६० का दरले वार्षिक एक हजारभन्दा बढी खुसीबोका बिक्री हुन्छ", पुनले भन्नुभयो, "गाउँका अधिकांश दिदीबहिनीले मेहनत गरेर आत्मनिर्भर बन्दै जानुभएको छ। सहकारीले पनि उहाँहरुलाई सहयोग गर्दै आएको छ। अघिल्लो वर्ष वार्षिक करिब रु दुई करोड चार लाख ४० हजारको खसीबोका बिक्री गरेका थियौँ।"

पुनले यस मङ्सिर महिनामा गाउँमा पूजा हुने परम्परा रहेकाले मङ्सिरमा धेरै बोकापाठा बिक्री हुने बताउनुभयो। दसैँमा अन्य ठाउँबाट पनि भेडा, च्याङ्ग्रा र खसीबोका बिक्री गर्न बागलुङ ल्याउँदा आफूहरुको उत्पादनले बजार नपाएको उहाँले उल्लेख गर्नुभयो।

वसन्त सहकारीकी प्रबन्धक हेमा विश्वकर्माले पछिल्लो समय खसीबोकाले बजार नपाउँदा आम्दानी कम हुँदै गएको बताउनुभयो। अघिल्लो वर्षमा सहकारीमार्फत हरेक महिना एक सयदेखि एक सय ५० वटासम्म खसीबोका बिक्री गर्ने गरेको भन्दै अहिले ५० को हाराहारीमा मात्रै बिक्री भएको उहाँले जानकारी दिनुभयो। पहिले वार्षिक एक हजार पाँच सय खसीबोका बिक्री गर्दा रु दुई करोड १० लाख गाउँ भित्र्याउने गरेको भन्दै विश्वकर्माले यसवर्ष करिब रु दुई करोड मात्रै आम्दानी भएको उल्लेख गर्नुभयो। यस वर्षको दसैँका लागि आठ सय खसीबोका तयार भए पनि तीन सय मात्र बिक्री भएको उहाँले जानकारी दिनुभयो।

"अहिले बजारको माग कम भएको छ। यसअघिका वर्षहरुमा खसीबोकाको माग निकै आउने गरेकामा अहिले मूल्य बढे पनि माग कम छ", विश्वकर्माले भन्नुभयो, "खसीबोका पालनबाट महिला आत्मनिर्भर बन्दै जानुभएको छ, यो सकारात्मक पक्ष हो।" स्थानीय निकायसँगको समन्वयमा सीप विकासका लागि तालिमको व्यवस्था गर्न सके महिलाहरु यसप्रति अझै आकर्षित हुँदै जाने उहाँले विश्वास व्यक्त गर्नुभयो ।रासस

# फलातेमा चियाखेतीको परीक्षण सफल

म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ फलातेमा चियाखेतीको परीक्षण सफल भएको छ। स्थानीय केशबहादुर गौचनले समुद्र सतहबाट दुई हजार चार सय ७० मिटर उचाइमा रहेको फलातेमा गर्नुभएको चियाखेती सफल भएको हो।



"कृषि अनुसन्धान परिषद् (नार्क)बाट विज्ञ र माटो विज्ञ ल्याएर अध्ययन गरेर हाइअल्टिच्युडमा परीक्षणका लागि धनकुटाको पाख्रीबासबाट चियाका बिरुवा ल्याएर रोपेको थिएँ", गौचनले भन्नुभयो, "परीक्षणका लागि गरेको चियाखेती सफल भएको छ।"

परीक्षण खेती सफल भएपछि फलाते आसपासका बाँझो पाखा जमिनमा चियाखेती गरेर किसानले आम्दानी गर्न सक्ने गौचनले बताउनुभयो । आफन्त र बजारमा कोशेलीका रूपमा पठाउनुका साथै म्याग्दीको पर्यटकीय घोडेपानी, शिख, घारका होटलमा फलातेको चिया प्रयोग हुन थालेको छ। विषादी र रासायनिक मलको प्रयोग नगरी उत्पादन गरिएको चियालाई 'बल्याक टी' नाम दिइएको छ । स्वाद र गुणस्तर राम्रो भएकाले फलातेको चियाले स्थानीय उपभोक्ताको मन जित्न थालेको छ । वार्षिक ५० किलोग्रामसम्म चिया उत्पादन हुने गरेको गौचनले बताउनुभयो।

काठमाडौँमा व्यवसाय गर्दै आएका गौचनले पुर्ख्यौली जन्मथलोमा खेर गएको बारीमा चियाखेतीसँगै दातेओखर पनि लगाउनुभएको छ । चिया बगानको रेखदेख भने ८२ वर्षीया आमा रनदेवी गौचनले गर्नुहुन्छ। रनदेवीसँगै अन्य दुई जना स्थानीय कामदारले रेखदेख, चिया टिप्ने, सुकाउने र प्रशोधन गर्दै आएका छन्। छ रोपनी क्षेत्रफलमा चियाखेती गर्न रु २० लाख लगानी भएको रनदेवीले बताउनुभयो । "अन्नपूर्ण चक्रीय पदमार्गको घोडेपानी-भुरुङ्ग तातोपानी पदमार्गमा यात्रा गर्ने पर्यटक पनि चिया बगान हेर्नका लागि आउँछन्", उहाँले भन्नुभयो, "पाहुना र पर्यटकलाई आफ्नै बगानको चिया पकाएर खुवाउने गरेकी छु।" रासस

# दाइजो नलिने अभियान चलाइने



टुडे समाचारदाता

लहान । यादव समुदायले पनि सिराहा सप्तरीका विभिन्न तहमा निर्वाचित जनप्रतिनिधिहरुले सामाजिक कलंकका रुपमा रहेको दाइजोप्रथा हटाउन अभियान नै थालिएको छ ।

यादवहरुको स्वजातीय संगठन गोपाल सेवा समितिले लहानले आयोजना गरेको यादव समुदायका जनप्रतिनिधिलाई सम्मान तथा दीपावली र छठ पर्वको शुभकामना आदानप्रदान कार्यमा प्रतिबद्धता जनाएका छन् ।

पूर्व सूचना सञ्चार तथा प्रविधि मन्त्री सिराहा-२ का संघीय सांसद राजकिशोर यादवले मधेश प्रदेशको सबैभन्दा बढी जनसंख्या रहेको यादव समुदायले मधेशमा रहेको दाइजो प्रथाको अन्तय र मृत्यु भोजको न्यूनीकरणको लागि गोपाल सेवा समितिले अगुवाइ गर्नुपर्ने मधेश सिराहा र सप्तरीबाट जितेका यादव समुदायका जनप्रतिनिधिहरु पनि यस अभियानमा जोडिनुपर्ने बताए। उनले थप्दै भने, 'समाजमा जातीय जहर घोल्ने काम होइन, सबै जातिलाई सँगै लिएर जाने कार्य यादव समुदायबाट हुनुपर्छ। देश र प्रदेश निर्माणममा सबै को भूमिका आवश्यक छ । गोपाल सेवा समितिलाई समाजकल्याण मन्त्रालयमा दर्ता गराएर सामाजिक विकृति हटाउनतर्फ उन्मुख हुन जरुरी छ ।'

यादव समुदायको इतिहास गौरवपूर्ण र दान गर्ने मानव सेवामा लाग्ने रहेको स्मरण राष्ट्रिसभाका सांसद मृगेन्द्रकुमार सिंह यादवले गराए। उनले भने, 'दाइजो र मृत्यु भोजलाई नियणत्रण नगर्ने हो भने यसले मधेशमा लैङ्गिक विभेद र असमानतालाई मलजल गरिरहनेछ । यादव समुदाय कृष्णको वंश भएकोले न्याय र सत्यको पक्षमा उभिन जरुरी छ।'

सिरहा-१ का संघीय सांसद रामशंकर यादवले गोपाल सेवा समिति संकीर्णताबाट मुक्त भई व्यापकताको सिद्धान्तमा अघि बढ्न आवश्यक रहेको सल्लाह दिनसुभयो । अर्का संघीय सांसद गंगाप्रसाद यादवले दाइजो र मृत्यु भोजको अन्त्य गर्न आफ्नो घरबाट सुरु गर्नुपर्ने बताए ।

सो कार्यक्रममा सिराहा नगरपालिकाका नगरप्रमुख नवीनकुमार यादव, सप्तरी बोदे बर्साइन नगरपालिकाका नगरप्रमुख आतेशकुमार यादव, सिराहा नरहा गाउँपालिका अध्यक्ष रामप्रबोध यादव, सिराहा भगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादव, सप्तरी बलानबिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव प्रदेशसभा सदस्य अनिरुद्रप्रसाद सिंह यादव, पूर्व प्रदेशसभा सदस्य अशोककुमार यादव, वडाध्यक्षहरु नवीन यादव, धनिकलाल यादव, अजयकुमार यादवलगायतका जनप्रतिनिधिलाई गम्छा ओढाएर सम्मान गरिएको थियो ।

गोपाल सेवा समितिको भवन निर्माणको लागि धनछवारका बेचन यादवले एक बिघा जग्गा दानसमेत गरेका छन् भने कचनारीका जितेन्द्र यादवले दस लाख रुपै याँ दिएर शिलान्यास गरेका थिए । सो कार्यक्रम गोपाल सेवा समिति लहानका अध्यक्ष गाणेश यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# पाँच पालिकालाई बाढी सकंटग्रस्त घोषणा

दिलीप पाण्डे

रौतहट । रौतहटमा पाँच वटा पालिकालाई बाढी संकटग्रस्त घोषणा गरिएको छ ।

जिल्लाको पाँच पालिकाको प्रमुखहरुले संयुक्त रुपमा आइतबार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् । गएको असोज महिनामा आएको भिषण बाढीबाट प्रभावित भएपनि राज्यबाट रौतहटका पाँच वटा स्थानीय तहसंग विभेद गरेको भन्दै गौर नगरपालिकाको नगरप्रमुख शम्भु साह, माधव नारायणका नगरप्रमुख बैजुप्रसाद यादव, इशनाथका नगरप्रमुख कौशल्या देवी, बौधीमाई नगरपालिकाको नगरप्रमुख प्रदीप यादव र यमुनामाई गाउँपालिकाको अध्यक्ष महम्मद सउदले संयुक्त रुपमा जिल्ला प्रशासन कार्यालय रौतहटमा उपस्थित भई प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएका छन् ।

गत असोज १० देखि १२ गते सम्म भएको घनघोर बर्षाबाट असोज १३ गते वागमती र लाल बकैया नदी सहित विभिन्न खोलामा आएको बाढीबाट जिल्लाको अधिकाँश भु भाग डुवानमा परेर ठूलो भौतिक संरचनाको क्षति भएका थिए । बागमती नदीले गढीमाई नपाको लक्ष्मिपुर र धर्मपुर तथा राजदेवी नपाको बाँध फुटाएको र लाल बकैया नदीले भ्फौवा, हर्षाहा, मर्यादपुर, इनर्वा, तेजापाकड, वैरियाको बाँध कटान गरेर स्थानीयहरुको घरमा बाढी प्रवेश गरेर ठूलो क्षति भएको छ । किसानहरुको हजारौं विगहामा लगाइएका धान बाली नष्ट भएको छ ।

व्यापारिक प्रतिष्ठानमा ठूलो क्षति भएपनि तर राष्ट्रिय विपद जोखिम न्यूनिकरण व्यवस्थापन शाखाले यी पालिकाहरुको नाम संकटग्रस्तको सूचीमा नराखेकोमा आक्रोश पोख्दै स्थानीय तहका प्रमुखहरुले प्रजिअ हिरालाल रेग्मी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका थिए ।




गत असोज २१ गते प्रजिअ मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएर यहाँका किसान, व्यापारी र स्थानीय बासिन्दाहरुको असहनिय पीडालाई चाँडै सम्बोधन गर्नुपर्ने माग गरिएका थिए । तर उक्त मागलाई बेवास्ता गर्दै रौतहटका पाँच वटा पालिकालाई मात्रै बाढी प्रभावित पालिका घोषणा गरेर हामीहरु संग राज्यले सुनियोजित रुपमा विभेद गरेको ठहर गदै आज पुनः प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाइएको गौर नगरपालिकाको नगरप्रमुख शम्भु साहले बताए ।

नेपाल सरकारको गृह मन्त्रालयको नेपाल राजपत्र खण्ड ७४ असोज २१ गते २०८१ साल अतिरिक्त ३३ मा प्रकाशित सूचना अनुसार रौतहट जिल्लाको विभिन्न ५ स्थानीय तह विपद संकटग्रस्त घोषणा गरिएकोमा सो तर्फ हाम्रो गम्भीर ध्यानाकर्षण भई वागमती र लालबकैया नदी छेउमा रहेका गौर, माधव नारायण, इशनाथ, बौधीमाई नगरपालिका र यमुनामाई गाउँपालिका बाटीबाट अति प्रभावित भएपनि विपद संकटग्रस्त क्षेत्र घोषणा नभएकोमा दुखेसो पोख्दै ईशनाथ नगरपालिका नगरप्रमुख कौशल्या देवीले राज्यले सम्बोधन गर्न इन्कार गरेको महसुस भएकोमा विपद संकटग्रस्त क्षेत्र समावेश गर्न छुट भएकोमा यी पालिकाहरुलाई समावेश गरी यहाँका जनताहरुको आलो घाउँ माथि मलहम लगाइनका लागि समेत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ध्यानाकर्षण गराउनका निमित्त यो ज्ञापन पत्र बुझाइएकी हुन ।

सो ज्ञापन पत्रमा माधवनारायाण नगरपालिका नगरप्रमुख बैजनाथ प्रसाद यादब,बौधीमाई नगरपालिका नगप्रमुख प्रदिप कुमार यादब,यामुनामाई गाँउपालिका अध्यक्ष महम्द सउद,गौर नगरपालिका उपप्रमुख शैल देवी,बौधीमाई नगरपालिकाको उपप्रमुख प्रमीला देवी,गौर नगरपालिकाका १ वडा अध्यक्ष लालबाबु चौधरी, बिनोद साह कलवार, अब्दुल ताहिर, संजय गिरी,शिवशंकर यादब,अवध शिहारी साह,हरिशंकर पाण्डे,कुमार अर्जुन सिंह,कार्यपालिका सदस्य मनोज सिंह माधव नारायण नपाको वडा ७ का वडा अध्यक्ष दिलीप कुमार यादब,राम किशोर साह,रामनरेश यादब,योगेन्द्र प्रसाद महतो लगायतका प्रतिनिधिहरु सहभागी रहेको थियो ।

# 'समन्वय तथा साझेदारीको आवश्यकता'

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको हरिपुर्वा नगरपालिकाका नगरप्रमुख विनोद कुमार साहले संघसंस्थाहरुसंग साझेदारी गरी विभिन्न कार्यक्रम आयोजना गरिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

उनले स्थानीय सल्लाहकार समितिको बैठक तथा परियोजना परिचयात्मक कार्यक्रम मार्फत प्रतिबद्धता व्यक्त गरेका छन् ।



वर्ल्डभिजन इन्टर नेसनल नेपालसँगको साझेदारीमा बागमती सेवा समाज नेपाल तथा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र सर्लाहीद्वारा संचालित बाल संरक्षण तथा बाल स्पोन्सरशीप साथै पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजनाहरुको हरिपुर्वा नगरपालिकामा आर्थिक वर्ष २०२४ को समिक्षा तथा आर्थिक वर्ष २०२५ का लागि परिचयात्मक कार्यक्रम सम्पन्न भएको कार्यक्रममा बागमती सेवा समाज नेपाल र राष्ट्रिय रोजगार प्रबर्द्धन केन्द्रले गरेका कामहरु निकै सह्रानीय रहेको, समुदाय सकारात्मक परिवर्तन र बालबालिकाहरुको स्वास्थ्य, संरक्षण तथा विकासमा उल्लेखनीय मद्दत समेत मिलेको बताए ।

नगर प्रमुख साहले भने, "विगतका वर्ष जस्तै आर्थिक वर्ष २०२४ मा कार्यक्रमहरु राम्रो सँग भएको छ र आगमी वर्षहरुमा पनि यस्तै सहयोगका अपेक्ष गर्दछु जसको लागि नगरपालिका दुवै संस्थाहरुलाई आवश्यक सहयोग गर्न हरदम तयार छ।"

हरिपुर्वा नगर बाल सञ्जालका प्रतिनिधि उज्वल साहले नगरपालिकाको विद्यालय व्यवस्थापन समितिमा बालबालिकाहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गराउनका लागि अनुरोध गरे ।

बागमती सेवा समाज नेपाल र राष्ट्रिय रोजगार प्रबर्द्धन केन्द्रका कार्यक्रमहरु राम्रोसँग चलेको छ त्यसमा कुनै डुप्लिकेशन भएको छैन । हाम्रो समाजको रुपान्तरण र बाल समृद्धिको लागि साझेदार संस्थाहरुले लगानी गरेका छन् ।

सो कार्यक्रमको पनि पालिकाले अपनत्व लिन जरुरी रहेको हरिपुर्वा नगर पालिकाका प्रशासकीय अधिकृत कुमार परियारले बताए ।

अधिकृत परियारले भन्नुभयो,"गैर सरकारी संस्थाहरुसँग साझेदारहरु गर्दा कार्यक्रम प्रतिको अपनत्व बढ्छ, र लाभान्वित वर्गहरुले ठोस सहयोग पनि प्राप्त गर्छ।" अधिकृत परियारले जनप्रतिहरुलाई साझेदार संस्थाहरुसँग विभिन्न कार्यक्रमहरुमा साझेदारी गर्न समेत अनुरोध भने ।

हरिपुर्वा नगरपालिकाका नगरप्रमुख विनोद कुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष, विषयगत शाखा प्रमुख, वडा सदस्यहरु तथा बाल सञ्जालका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो। वर्ल्डभिजनका जिल्ला संयोजक सीता चौधरीले कार्यक्रमको स्वागत तथा उद्देश्य प्रकाश परेका थिए भने कार्यक्रमको सञ्चालन राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्रका मिल अधिकृत झुपा पाँचकोटीले सञ्चालन गरेका थिए । त्यसैगरि सो कार्यक्रमको सहजिकरण राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्रका कार्यक्रम व्यवस्थापक राम यादव र बागमती सेवा समाज नेपालका परियोजना संयोजक प्रमेश बादेले गरे ।

# भूमि लोक उत्सवको दोस्रो संस्करण कार्तिक १० गते हुने

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाममा भूमि लोक उत्सवको दोस्रो संस्करण आयोजना हुने भएको छ। यही कार्तिक १० गते शनिबार जनकपुरधामस्थित तिरहुतिया गाछीमा भूमि फाउन्डेसनको आयोजनामा भूमि लोक उत्सव हुने भएको छ।

जनकपुरधाममा आइतबार पत्रकार सम्मेलन गरी सो फाउन्डेसनका संस्थापक अध्यक्ष रञ्जन झाले भूमि लोक उत्सवको दोस्रो संस्करण जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजना गर्न लागिएको जानकारी दिए। आधुनिकतासंगै मिथिला क्षेत्रका लोक गीत, परम्परा, रितिरिवाजहरू लोपोन्मुख अवस्थामा पुगेकोले त्यसको संरक्षण प्रवर्द्धनमा महोत्सवको विशेष योगदान हुने उनले बताए।

भूमि लोक उत्सवमा ख्यातिप्राप्त संगीत साधकहरू सहभागी हुने बताउँदै उनले उत्सव अवधिभर मधेश र मिथिला क्षेत्रको झल्को दिने गरी लोक झाँकी, लोक नाच प्रदर्शन गरिने कार्यक्रम रहेको जानकारी दिए।

गौरवमय इतिहास बोकेको मधेश तथा मिथिला क्षेत्रको सांगीतिक एवं सांस्कृतिक विर ासतलाई बृहत्त मञ्चमा उजागर गर्दै, आञ्चलिक, राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय कलाकारहलाई एकै ठाउँमा प्रस्तुत गर्ने उद्देश्यले गत वर्षदेखि सुरु गरिएको भूमि लोक उत्सवको दोस्रो संस्करण यही कार्तिक १० गते शनिबार आयोजना गर्न लागिएको संस्थापक अध्यक्ष झाले बताए। उनले राष्ट्रिय मूलधारबाट बहिष्करणमा परेका मधेश र मिथिला क्षेत्रका समृद्ध कला तथा सांस्कृतिक अभिव्यक्तिको संरक्षण र पुनरुत्थानमा सहयोग गर्ने उत्सवको मुख्य लक्ष्य रहेको बताए।

भूमि लोक उत्सवको दोस्रो संस्करणमा छनोट गरिएका प्रस्तुतिमा नेपाल र सीमाञ्चलका सुन्दर भौगोलिक तथा सामुदायिक विविधता झल्कने अध्यक्ष झाको दाबी छ।



पूर्वी पहाडका लिम्बू समुदायको संगीत एवं मुन्धुम संस्कृतिलाई आफ्नो कुशल गायनमार्फत् संसारमा फैलाउन सफल प्रख्यात गायिका एवम् शोधकर्ता झुमा लिम्बूदेखि भारत गौरव सम्मानबाट सम्मानित वरिष्ठ मैथिली लोक गायिका डा. रञ्जना झा र चार दशकदेखि नेपाल र भारतको नाट्य एवं कला क्षेत्रमा सक्रिय नाट्यसमूह मिथिला नाट्यकला परिषद्देखि समसामयिक नेपाली आधुनिक संगीतमा अत्यन्त सफल गायक तथा लेखक सुशान्त घिमिरेसम्मले उत्सवलाई जीवन्त र स्मरणीय बनाउने उनले बताए।

अध्यक्ष झाले मधेश र मिथिला क्षेत्रको संगीत र कलाको संरक्षण एवम् पुनरुत्थान अहिलेको ठूलो आवश्यकता रहेको बताउँदै भुमि लोक उत्सवले मधेशको सांस्कृतिक पुनर्जागरणमा महत्वपूर्ण सहजीकरण गर्ने बताए।

उनले भने, "अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त कलाकार स्थानीय कलाकारसँग जनकपुरधाममा प्रत्येक वर्ष एउटै मञ्चमा प्रस्तुत हुँदा यस क्षेत्रका युवा पुस्ता आफ्नो मौलिक कलाप्रति उत्साहित हुनेछन्।"

उत्सवको अवधिभर मधेश र मिथिलाको झल्को दिने विभिन्न नाचगान र सांस्कृतिक झाँकी प्रदर्शन गरिनुका साथै विभिन्न स्टल समेत राखिने आयोजकले जनाएको छ।

उत्सवमा फोटो सर्कलसंगको सहकार्यमा "सार्वजनिक जीवनमा महिला" नामक फोटो प्रदर्शनीसमेत सामेल हुने बताइएको छ।

## वडाअध्यक्ष चौधरीको निधन

टुडे समाचारदाता

राजविराज। सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ का वडाअध्यक्ष प्रितमलाल चौधरीको हृदयघातबाट निधन भएको छ। ६० वर्षीय चौधरीको आइतबार विहान घरमै हृदयघातबाट निधन भएको परिवारजनले जनाएको छ।

स्थानीय तहको निर्वाचनमा उनी नेपाली काँग्रेसबाट वडाअध्यक्षमा निर्वाचित भएका थिए। उनको निधनमा पालिकाले शोक मनाउन आइतबार नगरपालिका र मातहतका सबै कार्यालयमा शोक विदा दिएको नगर प्रमुख रामलखन मुखियाले जानकारी दिए।

स अघि सो नगरपालिका वडा- ४ का वडाअध्यक्ष हरिप्रसाद रायको गत वर्ष मृत्यु भएको थियो। त्यस्तै वडा- २ का वडाअध्यक्ष रहमान मियाँ अहिले सुरक्षा भत्ता अपचलन गरेको आरोपमा कारागारमा छन्। जसले गर्दा अहिले १० वडा रहेको डाक्नेश्वरी नगरपालिकाको ३ वटा वडा जनप्रतिनिधि विहीन भएको छ।

## सवारी दुर्घटना हुँदा एकको मृत्यु , २२ जना घाईते

टुडे समाचारदाता

राजविराज। मोटरसाइकललाई ठक्कर दिएर अनियन्त्रित भइ यात्रुबाहक बस पल्टिदाँ एक जनाको ज्यान गएको छ भने २२ जना घाइते भएका छन्।

जसमध्ये ३ जनाको अवस्था गम्भिर रहेको सप्तरी प्रहरीले जनाएको छ। आइतवार



बिहान ६ बजेतर्फ उदयपुरबाट काँकडभिट्टातर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ४१२ नम्बरको यात्रुबाहक वसले पूर्वपश्चिम राजमार्ग अन्तर्गत कंचनरुप नगरपालिका २ बरमझिया सडक खण्डमा विपरित दिशाबाट आउँदै गरेको स ५ प १५९३ नम्बरको मोटरसाईकललाई ठक्कर दिदै अनियन्त्रित भइ पल्टिदाँ दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा बसमा सवार धनकुट्टाकी ५३ वर्षिया मैया राईको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनरुपका प्रहरी नायब उपरीक्षक महेन्द्र नेपालले जानकारी दिए।

सो दुर्घटनामा मोटरसाइकल चालक कञ्चनरुप नगरपालिका-२ स्थित बरमझियाका २५ वर्षीय सुमित पण्डितसहित २२ जना घाइते भएका छन्। मोटरसाइकल चालक पण्डितसहित गम्भीर घाइते भएका ३ जनाको बिराटनगरस्थित न्यूरो अस्पताल तथा अन्यको जिल्लास्थित विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

घटनापछि बस चालक भने फरार भएका छन् भने चालकको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी जितेन्द्र कुमार बस्नेतले बताए।

तीब्र गतिमा रहेको बसले मोटरसाइकललाई ठक्कर दिएपछि नियन्त्रण गुमाउँदा सो दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। मृतकको शव गजेन्द्र नारायण सिंह अस्पतालमा पोस्टमार्टमका लागि राखिएको छ।

## करवा चौथ सम्पन्न



टुडे समाचारदाता

जनकपुरधाम । कार्तिक महिनाको कृष्णपक्ष चतुर्थीको दिन करवा चौथ मनाइएको छ।

बिहान सूर्योदयभन्दा पहिले करिब ४ बजेपछि सुरु भएको करवा चौथ व्रत राति चन्द्रमाको दर्शनपछि समापन भएको छ। ब्रती महिलाहरु दिनभर निराहार बसी सो व्रत गर्ने चलन रही आएको छ।

श्रीमानको दीर्घायु एवं अखण्ड सौभाग्य प्राप्तिका लागि भालचन्द्र गणेशको पूजा गरिन्छ। सो व्रत १२ वर्ष वा १६ वर्षसम्म गरिन्छ। कतिपय महिलाहरुले आजीवन पनि गर्दै आएको छ।

करवा चौथमा चलनी (चाल्नो) को विशेष महत्व छ। करवा चौथ गर्ने महिलाले चलनीमा दियो बालेर चन्द्रमालाई हेरेपछि आफ्नो श्रीमानलाई पनि सोही चलनीले हेर्ने परम्परा छ।

धार्मिक मान्यता अनुसार चन्द्रमालाई भगवान ब्रह्माको प्रतीक मानिन्छ। चन्द्रमालाई प्रेमको प्रतीक पनि मानिन्छ। चन्द्रमाको आयु लामो हुने भएकाले चलनीले चन्द्रमालाई हेरेपछि महिलाहरुले आफ्नो श्रीमानलाई चलनीले हेर्छिन्। यसले पतिको दीर्घायु हुने धार्मिक विश्वास रहेको छ।

चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, साँस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाईसामाजिकसहिष्णुतारमेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, साँस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८